म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ८१ आइतबार ११ कात्तिक २०८१ ने. सं. ११४४ कौलागा 27 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चौघडामा डेंगु नियन्त्रणका लागि जनचेतनामूलक र्‍याली

हेटौंडा, १० कात्तिक/हेटौंडा उपमहानगरपालिका-६, स्थित चौघडामा डेंगु रोग नियन्त्रण र यसबाट बच्नका लागि जनचेतनामूलक र्‍यालीको आयोजनाा गरिएको छ । चौघडास्थित जनकल्याण बचत तथा ऋण सहकारी संस्थाको आयोजना, हेटौंडा हेल्थपोष्ट चौघडाको समन्वय र सिर्जना टोलविकास संस्था, श्रीनिवास टोलविकास संस्था र संगालो टोलविकास संस्थाको सहयोगमा र्‍यालीको आयोजना गरिएको हो । न्यूरेनी, चिसापानी, चौघडा बजारक्षेत्रमा प्लेकार्डसहित 'घर आँगन सफा राखौं, सन्तुलित भोजन खाउँ, घरको ढोका र झ्यालमा लामखुट्टे जान नसक्ने गरी जालीको प्रयोग गरौं' भन्ने नारा लगाउँदै र्‍याली निस्किएको थियो । कार्यक्रममा हेटौंडा हेल्थपोष्टका प्रमुख टिएन ढुंगेलले डेंगु रोगबाट बच्न सकिने उपायका बारेमा जानकारी गराएका थिए । जनकल्याण सहकारीका अध्यक्ष हिमाल पौडेलको नेतृत्वमा निकालिएको जनचेतनामूलक र्‍यालीमा सहकारीका पदाधिकारी, टोलविकास संस्थाका पदाधिकारी, महिला स्वास्थ्य स्वयमसेविमका, सुरक्षाकर्मी, स्थानीयको सहभागिता थियो ।

# मकवानपुरका कान्छा मल्लको चितवनमा पौरख: गाउँलाई तरकारी खेती सिकाए, वडाध्यक्ष पनि भए

साझाकुरा संवाददाता



हेटौंडा, १० कात्तिक/ चितवनको भरतपुर महानगरपालिका-२४ जगतपुरको नयाँबस्तीमा छ, कान्छा मल्लले नेतृत्व गरेको केरुङ्गा सामूहिक तरकारी खेती तथा कृषि तालिम केन्द्र ।

२०७६ मा कान्छा मल्लको योजनामा ९३ जना शेयर सदस्य भएर केरुङ्गा तरकारी खेती समूह गठन गरिएको थियो । ९३ जना शेयरसदस्य रहेता पनि संस्था मल्लकै योजना र मिहेनतमा अडिएको छ । अहिले त्यो समूहको सम्पति ५ करोड भन्दा बढी पुगेको छ । यहाँ उत्पादित तरकारी काठमाडौं, पोखरा, हेटौंडा, बीर गञ्जदेखि बुटवलसम्म पुग्छ । २०५८ सालसम्म फाट्टफुट्ट घर भएको जगतपुरको नयाँबस्ती अहिले भरतपुर महानगरको तरकारीको 'हब' बनेको छ ।

जगतपुरको नयाँ बस्तीलाई तरकारी पकेटक्षेत्र बनाउने मुख्यपात्र मल्ल नै हुन् । उनलाई यहाँ 'किसान नेता'का रुपमा सम्बोधन गरिन्छ । मल्लले २०५८ पछि गाउँलाई नै तरकारी खेती गराउन सिकाएको जगतपुरका किसान अगुवा सूर्यप्रकाश जम्कट्टेल बताउँछन् । 'मल्लदाइ यहाँ नआएको भए सायद यो ठाउँ अहिलेसम्म पनि तरकारी उत्पादनको केन्द्र हुँदैनथ्यो होला, उहाँको मेहनतको कारण अहिले यहाँको मानिसको जीवनस्तरमा ठूलै परिवर्तन आएको छ,' उनले सुनाए ।

समग्रमा भरतपुर जस्तो सुगम र विकसित महानगरको नयाँबस्तीक्षेत्र तरकारी किसानको राजधानी हो । यहाँको तरकारी सयौंको भान्सामा प्रत्येक दिन पाकिरहेको छ । यो सफलताको एउटै पात्र हुन् मल्ल । मल्ल मकवानपुरको तत्कालीन हाँडीखोला गाविसको भुन्द्रुङ (हालको मनहरी गाउँपालिका-३) का किसान हुन् । २०४५ सालबाट मकवानपुरको तर कारीको हब मानिने हाँडीखोलामा व्यावसायिक तरकारी खेती गरेर बचेको नाफाले उनले भरतपुरको नयाँबस्तीमा ४८ कट्ठा जग्गा किनेका थिए ।

झाडी भएपनि यहाँ पानीको व्यवस्थापन भयो भने तर कारी खेती गर्न सकिन्छ भन्ने अनुमान गरेका मल्लले जग्गा जोडेका हुन् । उनी हाँडीखोलाबाट नयाँबस्तीमा जानुको अर्को कारण थियो त्यो क्षेत्रमा मकवानपुरको हर्नामाडी र हटियालगायत क्षेत्रबाट स्थानान्तरण भएको ५७६ घरधुरी बस्ती । २०३२ सालतिर वनक्षेत्रमा रहेको हटिया र हर्नाका ५७६ घर धुरीलाई सरकारले नयाँबस्ती आसपासको क्षेत्रमा स्थानान्तरण गरेको थियो ।

चारैतिर रुखो झाडी, केही तिल र तोरीको मात्र उत्पादन हुने नयाँबस्ती क्षेत्रमा अहिले जतातत्तै विभिन्न थरीका हरिया तरकारी देख्न सकिन्छ । यहाँका मनिस आफ्नो तरकारी बारीमा मेहनतको साथमा काम गरिरहेका भेटिन्छन् । उनीहरुलाई वर्षको १२ महिना सिजनल तरकारी रोप्ने, गोडमेल गर्ने र बजारसम्म लग्नेको चटारो हुन्छ । नयाँबस्तीमा अचेल दिनमा दर्जनौ गाडी तरकारी ओसारपसारमा व्यस्त हुन्छन् ।

हाँडीखोलामा तरकारी उत्पादन गर्दागर्दै उनी २०५८ मा स्थायीरुपमा नयाँबस्ती सरे र सुरु गरे तरकारी खेतीको अभियान । यही अभियानले उनलाई २०७४ सालको वडाअध्यक्ष पनि बनायो । मल्ल २०७४ मा २४ नम्बर वडाको वडाध्यक्ष विजयी भए । उनलाई किसान नेताको रुपमा यहाँका स्थानीयले चिन्छन् । किसान नेताको परिचयले नेकपा एमालेबाट उनी अध्यक्ष भएपनि २०७९ को निर्वाचनमा गठबन्धनका उम्मेदवार सँग पराजित भए ।

कान्छाले मकवानपुर हाँडीखोलाबाट यहाँ आएर आफ्नो ३२ कट्ठा जमिनमा तरकारी व्यवसाय सुरु गरे । आफैंले सामान्य पानीको बोरिङ गरेर उनले झाडीमात्र रहेको रुखो जमिनलाई फाँडेर मलिलो बनाए र तरकारी फलाए । उनी त्यतिकै रोकिएनन् । तरकारी खेती गर्ने किसान बढ्न थालेपछि अब तरकारीको बजारलाई व्यवस्थित गर्नुपर्छ भन्ने सोचको साथ उनले केरुङ् ताजा तरकारी सहकारीको नाउँमा सहकारी बनाए र त्यसैमार्फत् तरकारी किसानको बचत र बजारीकरणको लागि सहज स्थितिको निर्माण गरिदिए ।

त्यतिबेलासम्म मल्ललाई यो क्षेत्रमा किसान नेताको रुपमा चिन्न थालिसकेको थियो । आफैं पनि मेहनत गर्ने र अरुलाई पनि मेहनत गर्न सिकाउने मल्लले हालको भरतपुरको २३ र २४ नम्बर वडालाई तरकारी केन्द्रको रुपमा स्थापित गरेरै छाडे । सामूहिक तरकारी फर्मले यसबीचमा १३ कट्ठा आफ्नै जमिन जोडिसकेको उनले बताए । जमिनमा प्रदेश र स्थानीय सरकारको ५० प्रतिशत लगानीमा कार्यालय भवन, स्टोर घर निर्माण हुनु सुखद पक्ष रहेको भन्दै सामूहिक फर्मको माध्यमले यहाँका दर्जनौ मानिसले रोजगारीसमेत पाएका छन् । तरकारी रोप्ने र टिप्ने समयमा त २५-३० जनाको हारहारीले रोजगार पाउने उनले बताए ।

फर्मले अहिले आफ्नै निजी ढुवानी सवारीसमेत किनिसकेको र पाँचवटा बोरिङ बनाएको उनको भनाइ छ । तरकारी उत्पादन र प्रवर्द्धनमा बागमती प्रदेश सरकार, भरतपुर महानगरपालिका, कृषि कार्यालय, ज्ञानकेन्द्र, स्थानीय वडादेखि भूमिगत जल सिंचाई आयोजना समेतको महत्वपूर्ण सहयोग रहेको मल्ले जानकारी दिए ।

# बागमती प्रदेशका १० जिल्लामा विपद्‌बाट ३ अर्ब बढीको क्षति

साझाकुरा संवाददाता



हेटौंडा, १० कात्तिक/ बाढी, पहिरो, डुबान, आगलागी जस्ता विपद्‌बाट चालु आर्थिक वर्ष २०८१/८२ को तीन महिनाको अवधिमा बागमती प्रदेशको उपत्यका बाहेक १० जिल्लामा १९१ जनाको मृत्यु भएको छ ।

बैभन्दा बढी यही असोज ११ र १२ गतेको वर्षाका कारण आएको बाढी, पहिरो र डुबानमा परी एक सय ७७ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । बागमती प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीका अनुसार चालुआव २०८१/८२ को साउनदेखि असोजसम्ममा पहिरोबाट एक सय ५७ जना, बाढीमा बगाएर ११ जना र डुबेर नौ जनाको मृत्यु भएको छ ।

यो अवधिमा करेन्ट लागेर आठ जना, चट्याङ लागेर चार जना र आगलागी तथा जनावरको आक्रमणबाट एक/एक जनाको मृत्यु भएको प्रहरीउपरीक्षक रेग्मीले बताए । यो अवधिमा विपद्‌का घटनामा परी एक सय ७३ जना घाइते र ११ जना अझै बेपत्ता रहेको उनको भनाइ छ । घाइतेकोविभिन्न अस्पतालमा उपचार भइरहेको र बेपत्ताको खोजीकार्य जारी रहेको जनाइएको छ ।

विपद्‌बाट १० जिल्लामा नौ हजार सात सय ७८ पंक्षी र पाँच सय१६ चौपायाको मृत्यु भएको प्रहरीउपरीक्षक रेग्मीले बताए । यो अवधिमा भएका विपद्‌का घटनाबाट एक सय ७१ पक्की, छ सय ७३ कच्ची घर र एक सय ६१ गोठ क्षतिग्रस्त भएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ । कार्यालयका अनुसार विपद्‌बाट ९३ सवारीसाधन तथा २० उद्योग क्षतिग्रस्त भएको छ । यस अवधिमा विभिन्न जिल्लाका ८३ विद्यालय र १२ वटा सरकारी कार्यालयमा क्षति पुगेको प्रहरीउपरीक्षक रेग्मीले जानकारी दिए ।

बाढी, पहिरोजन्य विपद्‌बाट यो अवधिमा ४८ वटा पक्की तथा झोलुङ्गे पुलमा क्षति पुग्दा विपद्‌बाट तीन अर्ब ४४ करोड ५३ लाख ६१ हजार नौ सय ६० मूल्य बराबरको धनमालको क्षति भएको छ । पुल तथा सडक बगाएपछि संघीय राजधानी काठमाडौंलाई जोड्ने धेरै सडक अवरुद्ध भएको र विस्तारै मर्मतसम्भार गरी क्रमश: सञ्चालन भइरहेको प्रवक्ता प्रहरी उपरीक्षक रेग्मीले बताए ।

# नागस्वती भेट्रान्स रनिङशील्ड मंसिर पहिलो साताबाट

साझाकुरा संवाददाता



हेटौंडा, १० कात्तिक/ आगामी मंसिर ४ गतेदेखि हेटौंडामा तेस्रो नागस्वती भेट्रान्स रनिङशील्ड फुटबल प्रतियोगिता हुने भएको छ । हेटौंडा-७ मा रहेको नागस्वती भेट्रान्स क्लबको आयोजनामा प्रतियोगिता हुन लागेको आयोजक संस्थाले शनिबार पत्रकार सम्मेलनमार्फत् जानकारी दिएको हो ।

तेस्रो संस्करणको राष्ट्रिय रनिङ शील्ड फुटबल प्रतियोगितामा देशभरका १८ देखि २० वटा समूहको सहभागिता रहने आयोजक क्लबका अध्यक्ष सोमबहादुर तितुङले जानकारी दिएका छन् । प्रतियोगिताका बिजेतालाई २ लाख १ हजार र उपविजेतालाई १ लाख १ हजार नगद पुरस्कारसहित रनिङशील्ड प्रदान गरिनेछ ।

यस्तै, प्रतियोगिताका विधागत पुरस्कार ५० हजार रुपैयाँ प्रदान गरिने अध्यक्ष तितुङले जानकारी दिए । हेटौंडा ७ मा रहेको नवज्योति माविको खेल मैदानमा हुने प्रतियोगिता सम्पन्न गर्न १९ लाख बढी खर्च लाग्ने अनुमान गरिएको अध्यक्ष तितुङले जानकारी दिए । प्रतियोगिता मंसिर ८ गतेसम्म हुनेछ ।

# हेटौंडामा जिल्लास्तरीय स्नुकर प्रतियोगिता सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ हेटौंडामा जिल्लास्तरीय मेयरकप स्नुकर प्रतियोगिता सुरु भएको छ । बुद्ध स्नुकर हाउस र एस-वान स्नुकर क्लबको आयोजनामा तथा हेटौंडा उपमहानगरपालिकाको सहयोगमा शनिबारबाट मेयरकप स्नुकर प्रतियोगिता सुरु भएको हो ।

हेटौंडा-४ स्थित बुद्ध स्नुकर हाउसमा सुरु भएको प्रतियोगिताको उद्घाटन नगरप्रमुख मीनाकुमारी लामाले गरेकी थिइन् । नगरप्रमुख लामाले सबै खेलमा आवद्ध भएका खेलाडीले अनुशासित र मर्यादित तरिकाले अगाडि बढ्नुपर्ने बताइन् । उनले खेलाडी कतिपय अवस्थामा दुर्व्यसनीमा फसेको कारणले गर्दा अभिभावकले आफ्ना बालबालिका खेलमा लागेको मन नपाउने गरेको बताइन् ।

जिल्ला खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष वेश खड्कीले सबै संघ, संस्थामा आवद्ध भएका पदाधिकारीले व्यक्तिगत स्वार्थलाई मात्र नहेरी खेलकुदको विकास गर्ने कार्यमा लाग्नु पर्ने धारणा राखे । नकआउट प्रणालीमा सञ्चालन भएको प्रतियोगितामा ४४ जना खेलाडीको सहभागिता छ । प्रतियोगिता बुद्ध स्नुकर हाउस र एस-वान स्नोकर हाउसमा सञ्चालन हुनेछ ।

प्रतियोगिताको प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमश: ६० हजार रुपैयाँ, ३० हजार रुपैयाँ, ६/६ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । हाइस्कोर ब्रेकर र राइजिङ प्लेयर लाई ५/५ हजार रुपैयाँ नगद प्रदान गरिनेछ । बुद्ध स्नुकरकी सञ्चालक सञ्जु लामाको सभाध्यक्षमा भएको उद्घाटनमा नगर खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष चन्द्र शाही, नेपाल सितोरियो कराँते संघ मकवानपुरका अध्यक्ष दीपक लामा, दि रिभाइबल युथ क्लका उपाध्यक्ष सुनिल खड्गी र नेपाल खड्गी समाजका अध्यक्ष सुक्रम खड्गी, एस-वान स्नुकरका सञ्चालक बिक्रम शाही, स्नुकर खेलाडी अमर लामा, यादव श्रेष्ठ, प्रताव लामालगायतको उपस्थिति रहेको थियो । प्रतियोगिताका लागि ३ लाख ५० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ ।

# दिव्यतारामा कुनै समस्या छैन, हुन पनि दिँदैनौं: संरक्षक डीना

साझाकुरा संवाददाता



हेटौंडा, १० कात्तिक/ नेपाली कांग्रेसकी केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले केही सहकारीमा भएको अनियमितताको कारण सर्वसाधारण बचतकर्ताहरु आत्तिएको बताएकी छिन् ।

शनिबार दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २६ औं वार्षिक साधारण सभाको उद्घाटन गर्दै उनले सहकारीले उद्देश्य अनुसारको ऋण सदुपयोग भएनभएको हेर्नुपर्ने सुझाव दिइन् । दिव्यतारा सहकारीको संस्थापक अध्यक्ष समेत रहेकी डीनाले दिव्यतारा सहकारीमा कुनै समस्या नरहेको र समस्या आउन पनि नदिने प्रतिबद्धता जनाएकी छन् । आफ्नो सहकारीको नाम समेत जोडेर केही अफवाह फैलाएको पाइएको बताइन् ।

'देशको विभिन्न स्थानमा सहकारीको बचतकर्ता पीडित भइरहेको अवस्थामा केही तत्वले हाम्रो दिव्यतारा सहकारीको नाम पनि जोडेर विभिन्न अफवाह फैलाएको पाएको छु । दिव्यतारा सहकारीमा कुनै अपचलन थिएन र हुन पनि दिन्नौं', उनले भनिन् । बहुक्षेत्रमा काम गर्ने पवित्र उद्देश्यसहित करिब ३ दशक अघि दिव्यतारा स्थापना गरिएको स्मरण गर्दै उनले आफू र हुञ्जेल कुनै अनियमितता हुन नदिने ठोकुवा गरिन् । 'बहुउद्देश्यीय सहकारीको मर्मअनुरुप काम गरिरहेका छौं । कसैले कुदृष्टी राख्दैमा दिव्यतारा सहकारी सक्किँदैन', उनले भनिन्, 'कुनै बचतकर्तालाई अप्ठ्यारो पार्ने काम हामीबाट हुँदैन ।'

सहकारीका अध्यक्ष डा.गणेश बल लामाको अध्यक्षतामा भएको साधारणसभाको उद्घाटनमा सहकारी बोर्ड बागमती प्रदेश उपाध्यक्ष नारायणप्रसाद देवकोटा, हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाअध्यक्ष सबिन न्यौपाने, हेटौंडा उपमहानगरपालिका-१६ नम्बर वडाअध्यक्ष रामकृष्ण कोइराला, समस्याग्रस्त सहकारी समाधान समितिका प्रदेश सदस्य यतीराज सापकोटा, हेटौंडा उपमहानगरपालिका सहकारी महाशाखा प्रमुख हिमप्रसाद पौडेल, दिव्यताराद्वासा सञ्चालित रेडियो मकवानपुरका सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुली लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

दिब्यताराले मकवानपुर, चितवन, ललितपुरका बिभिन्न क्षेत्रमा ११ वटा सेवाकेन्द्र साथपना गरी १० हजार ८ सय २९ सदस्यलाई सेवा प्रदान गरिरहेको छ । १२ करोड ३८ लाख ७० हजार रुपैयाँ सेयरपूजी भएको यो सहकारीले एक करोड ४७ लाख रुपैयाँ मुनाफा आर्जन गर्न सफल भएको छ । साधारणसभामा सहकारीका ज्येष्ठ शेयर सदस्य, उत्कृष्ट वचतकर्तासहित विभिन्न विधाका उत्कृष्ट सदस्यलाई नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो ।

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कट्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं. ९८४५४६१०३४**

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बालखेलाडी परिवारको पीडा

मकवानपुरको उत्तरीक्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिकामा ६ जना विद्यार्थी खेलाडीको पहिरोले पुरिएर मृत्यु भएको घटनाको छानबीन माग गर्दै दोषिलाई कारबाही गर्न परिवारले सरकारको ध्यानाकर्षण गराएका छन् । मृतक बाल खेलाडीको परिवारले शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर उच्चस्तरीय छानबीन आयोग गठनको माग गरेका छन् । सरकारसँग क्षतिपूर्तिलगायत मृतकको नाममा रंगशाला र अक्षयकोष स्थापनासम्म ६ बुँदामा परिवारले माग राखेको हो । भविष्यका सहारा नै नरहेपछि छानबीनले पनि केही गर्नेवाला छैन, तै पनि पीडित परिवारको मन बुझाउने बाटो हो यो । गत १२ असोजमा इन्द्रसरोबर-३, सिस्नेरीस्थित बत्सलादेवी माविको एन्फा एकेडेमीमा रहेका ४० जना खेलाडीमध्ये पहिरोमा पुरिएर सर्लाहीका १३ वर्षीय आदित्य बलमपाकी, काठमाडौं कलंकीका ११ वर्षीय प्रियान्स आचार्य, मकवानपुर हेटौंडाका १४ वर्षीय अनुपम घलान, मकवानपुरगढी घरभएका १४ वर्षीय साईमन योञ्जन, बारा निजगढका १४ वर्षीय विकल रेग्मी र मकवानपुर सिस्नेरीका १४ वर्षीय दिवस बानियाँको मृत्यु भएको थियो । दु:खद् र भयानक घटना लापरबाहीका कारण सिर्जना भएको परिवारको ठहर छ । मृतक परिवारले नेपाल विद्युत प्राधिकरण, एकेडेमी सञ्चालक अखिल नेपाल फुटबल संघ (एन्फा) र एकेडेमीको यवस्थापकीय जिम्मेवारी लिएको बत्सलादेवी माविको व्यवस्थापन समितिका कारण घटना हुन पुगेको जिकिर गरेको छ ।

कुलेखानीले अघिल्लो दिन नै तल्लो तटीयक्षेत्रमा उच्चसतर्कता अपनाउन सूचित गरेपनि कुलेखानी खोलासँगै जोडिएको बत्सलादेवी माविको एन्फा एकेडेमीका ४० जना बालकलाई रातभर विद्यालयमै राखिएको थियो । कुलेखानीले सूचना दिइरहँदा पनि बालकलाई सुरक्षित ठाउँमा नलगेको विषयमा विद्यालय व्यवस्थापन समिति र अखिल नेपाल फुटबल संघ (एन्फा)को चर्को विरोध भइरहेको छ । कुलेखानीको सूचनालाई विद्यालय व्यवस्थापन समितिले बेवास्था गरेको पाइएको छ । मृतक हेटौंडाका अनुपम घलानका बाबुसमेत रहेका जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले दोषिमाथि कारबाही माग गर्दै सरकारको ध्यानाकर्षण गराइएको बताए । ६ जना बाल फुटबल खेलाडीको एकै थलोमा असामयिक देहावसान भएको विषय नेपालको खेलकुद इतिहासमा दु:खद घट्ना भएको बताउँदै घलानले दोषि उम्किन नदिन सरकारसँग अनुरोध गरे । जवाफमा प्रधानमन्त्रीले घटनाको छानबीन गरेर दोषिमाथि कारबाही गर्ने प्रतिबद्धता जनाएको घलानले बताए । दिवंगत खेलाडीको सुरक्षा र रेखदेख हुन नसक्नुका कारणतर्फ व्यापक चासो हुनु स्वाभाविक हो । यसर्थ: बाल खेलाडीको उद्दार गर्न र पूर्व होशियारी अपनाउन के कुन कारणले बाधा परेको हो ? भन्ने विषयमा छानबीन गरेर दोषिउपर कारबाही हुनुपर्ने माग पीडित परिवारजनको हो । यस्ता दु:खद् र भयानक घटना पुन: दोहोरिन हुँदैन । यस्ता चरम लापरबाहीतर्फ आँखा चिम्लने हो भने पुन: यस्ता पीडादायी घटना परिघटनाहरु नदोहोरिएला भन्न सकिँदैन भनेर प्रधानमन्त्रीलाई बुझाएको ध्यानाकर्षणपत्रमा भनिएको छ । प्राधिकरण, एकेडेमी तथा व्यवस्थापन पक्षले पूर्व होशियारी अपनाएको भए यस्तो दु:खद् घटना नहुने परिवारको भनाई छ ।

परिवारले नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको पनि ध्यानाकर्षण गराए । मृतकका परिवारले सरकारसँग मृतक खेलाडीको स्मृतिमा खेल आयोजना गर्न अक्षयकोष स्थापना गरी अक्षयकोषमा पर्याप्त रकमको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् । एन्फा कम्प्लेक्स भवनको कम्पाउण्डभित्र मृतक खेलाडीका प्रतिमा निर्माण, मृतक खेलाडीको नाममा एन्फाको स्वामित्वमा सुविधायुक्त फुटबल एकेडेमी बनाउन परिवारले माग राखेको छ । एन्फाबाट संचालित कार्यक्रम उपयुक्त पूर्वाधारहरु भएको भौगोलिक स्थान, स्वास्थोपचार, सडकलगायतका सहज पहुँच हुनेगरी संचालन गर्न, मृतक बाल खेलाडीको स्मृतिमा प्रत्येक वर्ष राज्यको तर्फबाट राष्ट्रव्यापी फुटबल खेल सञ्चालन गर्न, मृत्यु हुनेहरुको लागि उचित क्षतिपूर्तिको व्यवस्था गर्दै घाइतेको उपचार र घरबारविहीन भएका परिवारलाई यथाशीघ्र पुनर्स्थापनाको व्यवस्था गर्न परिवारले माग राखेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक १२ गते सोमबार २८ अक्टोबर २०२४ । एकादशी, कात्तिक कृष्णपक्ष । कौलागा ११४४ ने.सं. । सूर्योदय ६:१३, सूर्यास्त ५:२१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विद्यार्थीका लागि लाभदायक | तुला | : दिन राम्रोसँग बित्नेछ |
| वृष | : सम्मानित काम हुनेछ | वृश्चिक | : चोट लाग्ने सम्भावना देखिन्छ |
| मिथुन | : धार्मिक काममा रुचि बढ्नेछ | धनु | : चिन्ता, भय र आशंका बढ्नेछ |
| कर्कट | : काममा एकरुपता आउनेछ | मकर | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| सिंह | : यात्राबाट लाभ हुनेछ | कुम्भ | : काममा प्रगति हुनेछ |
| कन्या | : धनको समस्या पार लाग्नेछ | मीन | : व्यापारमा लाभ हुनेछ |

# अमेरिकी चुनावको मैदानमा तैनाथ छन् ट्रम्पका डिजिटल सेना



✍समृद्ध घिमिरे

२०२४ को अमेरिकी राष्ट्रपतीय चुनावले डिजिटल युगमा एउटा नयाँ अध्याय सुरु गरेको छ, जहाँ अनलाइन उपस्थिति नै जित्ने हतियार बनेको छ । यस दौडमा सबैभन्दा अगाडि छन् रिपब्लिकन उम्मेदवार डोनाल्ड ट्रम्प । उनको अनलाइन अभियानलाई साहसी, प्रत्यक्ष र प्रभावशाली भनेर व्याख्या गरिएको छ । चुनाव अघि बढ्दै जाँदा ट्रम्पको आक्रामक शैलीले बारम्बार समाचारका शीर्षकहरू कब्जा गर्दैछ, र सामाजिक सञ्जालमा नयाँ बहसको मञ्च तयार गरिरहेको छ । ट्रम्पको यो निडर र सिधा प्रहार गर्ने शैलीले केहीलाई प्रेरणा दिएको छ भने केहीलाई आलोचना गर्ने ठाउँ पनि । उनले आफ्नो सन्देशलाई ठाडो, स्पष्ट र विवादास्पद बनाउँदै मतदाताको ध्यान खिच्न सफल भएका छन् ।

जसरी चुनावी मैदान तात्दैछ, ट्रम्पको डिजिटल रणनीति स्पष्ट छ– सिधा हान, चर्को बोल र चर्चा खिच । चाहे त्यो समर्थन होस् वा आलोचना, उनको नाम सधैं चर्चामा रहन्छ । यो अनलाइन युद्धमा उनी आफ्नो ठाउँ बनाउँदै अघि बढिरहेका छन् ।

### अद्वितीय डिजिटल उपस्थिति

डोनाल्ड ट्रम्पको २०२४ को राष्ट्रपति चुनावी अभियानले डिजिटल प्लेटफर्महरूको शक्तिलाई उच्चतम तहमा उपयोग गरेको छ । यस अभियानको प्रमुख पक्ष भनेको ट्रम्पले आफ्नो अनलाइन उपस्थितिलाई एकदमै रणनीतिक रूपमा विस्तार गरेका छन् । यसमा सामाजिक सञ्जालका विभिन्न प्लेटफर्महरू प्रयोग गरेर उनले आफ्नो सन्देश व्यापक रूपमा पुर्‍याएका छन् । ट्रम्पको अनलाइन शैली प्रत्यक्ष, साहसी र प्राय: विवादास्पद छ, जसले उनको कट्टर समर्थकहरूलाई थप ऊर्जा प्रदान गर्छ । ट्रम्पको डिजिटल उपस्थितिको एउटा महत्त्वपूर्ण पक्ष भनेको हरेक पोस्ट, मिम वा अभिव्यक्तिले विचारपूर्वक प्रतिक्रिया उत्पन्न गर्ने उद्देश्य राखेको हुन्छ । उनले प्रयोग गरेका सामग्रीहरू प्राय: समाचार चक्रमा छिट्टै फैलिन्छन्, जसले उनलाई लगातार मिडिया र सामाजिक सञ्जालमा चर्चाको केन्द्रमा राख्छ । यसले ट्रम्पलाई डिजिटल युद्धभूमिमा अग्रणी स्थानमा राखेको छ, जहाँ उनी अनलाइन बहस र चर्चालाई आफ्ना प्राथमिक एजेन्डाहरूमा केन्द्रित गर्न सफल भएका छन् ।

ट्रम्पको डिजिटल अभियानमा सबैभन्दा धेरै ध्यान खिच्ने क्षणमध्ये एक थियो ट्विटर (हालको एक्स) मा एलन मस्कसँगको लाइभ स्ट्रिम । यस घटनाले व्यापक ध्यानाकर्षण गर्‍यो, मुख्यत: दुई कारणले: पहिलो, ट्रम्प र मस्क जस्ता दुई चर्चित व्यक्तित्वको संयुक्त उपस्थितिह दोस्रो, यसलाई राम्रोसँग समय मिलाएर गरिएको रणनीतिक चालका रूपमा ।

यो लाइभ स्ट्रिम केवल एउटा नीतिगत छलफल थिएन, बरु यो ट्रम्पका समर्थकहरूलाई पुन: सक्रिय पार्ने, नयाँ मतदाताको ध्यान खिच्ने र डिजिटल संसारमा उनको उपस्थिति अझ बलियो बनाउने सोचबुझ कदम थियो । यस लाइभ स्ट्रिमको मस्कसँगको सहकार्यको महत्व गहिरो थियो । एलन मस्क, जो सामाजिक सञ्जाल र प्राविधिक क्षेत्रमा अत्यधिक प्रभावशाली छन्, उनको समर्थनले ट्रम्पलाई डिजिटल दुनियाँमा थप विश्वसनीयता प्रदान गर्‍यो । यसले प्राविधिक क्षेत्रका नेताहरूसँग ट्रम्पको सम्बन्धलाई पनि बलियो रूपमा प्रस्तुत गर्‍यो । यो घटनाले ट्रम्पको डिजिटल रणनीतिलाई नयाँ उचाइमा पुर्‍यायो, जहाँ उनले सामाजिक सञ्जालको माध्यमबाट मतदातासँग प्रत्यक्ष सम्पर्क गरे ।

ट्रम्पको डिजिटल रणनीति भनेको केवल धेरै सामग्री पोस्ट गर्नु मात्र होइन, बरु रणनीतिक रूपमा यी सामग्रीहरू प्रयोग गरेर चुनावी माहोललाई आफ्नो पक्षमा ल्याउनु हो । उनका पोस्टहरू बारम्बार विवादास्पद हुने गर्छन्, जसले तत्काल नै सामाजिक सञ्जालमा ध्यान आकर्षित गर्छ । यस प्रकार, ट्रम्पको डिजिटल उपस्थिति एक किसिमको 'मिडिया मेस्ट्रो' जस्तै हो, जहाँ हरेक कदमले समाचारको चक्रमा उनको विषयवस्तु स्थापित गर्छ र उनले आफ्नो चुनावी एजेन्डालाई अगाडि बढाउन सक्छन् । ट्रम्पको यो रणनीति डिजिटल युगमा धेरै प्रभावकारी देखिएको छ । उनले सामाजिक सञ्जालमा आफ्ना समर्थकहरूको संख्यालाई मात्र बढाएका छैनन्, उनीहरूले आफ्नो सन्देशलाई व्यापक रूपमा फैलाउन सघाउ पुर्‍याइरहेका छन् । यसले ट्रम्पलाई परम्परागत मिडियाभन्दा बाहिर नि:शुल्क प्रचारको अवसर दिएको छ ।

ट्रम्पको डिजिटल रणनीतिको अर्को महत्वपूर्ण पक्ष भनेको आफ्ना कोर समर्थकहरूलाई सक्रिय राख्नु हो । चाहे मिमहरू हुन् वा प्रत्यक्ष भाषण, उनले सामाजिक सञ्जालमा आफ्ना समर्थकहरूलाई सधैं संलग्न राख्छन् । यसले उनीहरूको उत्साहलाई जीवित राख्न मात्र होइन, अनलाइन बहसलाई निरन्तर तातो राख्न पनि मद्दत गरेको छ । ट्रम्पको डिजिटल उपस्थिति अन्य उम्मेदवारहरूको तुलनामा फरक छ किनभने उनले आफ्नो सन्देशलाई शक्तिशाली रूपमा प्रस्तुत गर्न सक्षम भएका छन् । उनका पोस्टहरू सधैं उद्देश्यपूर्ण हुन्छन्, चाहे त्यो विवाद उत्पन्न गर्ने होस्, समाचारको केन्द्रमा रहने होस्, वा चुनावी कथा आफू अनुकूल बनाउने होस् । यसले उनको अभियानलाई सधैं ध्यानको केन्द्रमा राख्छ र अन्तत: मतदातालाई सक्रिय गरिरहन्छ ।

समग्रमा, ट्रम्पको डिजिटल रणनीति केवल अनलाइन प्रचारको साधन होइनह यो डिजिटल युगमा कसरी चुनाव लड्न सकिन्छ भन्ने एउटा नयाँ मोडेल बनेको छ । ट्रम्पको साहसी र ठाडो शैलीले उनलाई डिजिटल युद्धमा सधैं अगाडि राखेको छ, जसले चुनावी वातावरणलाई नयाँ दिशा दिइरहेको छ ।

### विपक्षीमाथि आक्रमण

ट्रम्पको अनलाइन अभियान केवल आफ्नो एजेन्डा प्रवर्धन गर्नमा सीमित छैन । उनको रणनीतिको एक ठूलो हिस्सा भनेको विपक्षीमाथि सिधा आक्रमण गर्नु हो, विशेषगरी डेमोक्र्याटिक उपराष्ट्रपतीय उम्मेदवार कमला ह्यारिसलाई लक्षित गर्दै । ह्यारिसले पनि एक डिजिटल रूपमा प्रभावकारी अभियान चलाइर हेकी छन्, जुन मुख्य रूपमा युवा पुस्तासँग जोडिन केन्द्रित छ । उनले आधुनिक, युवाप्रधान प्लेटफर्म र सामग्रीहरूको उपयोग गर्दै आफ्नो पहुँचलाई विस्तार गर्न खोजेकी छन् ।

तर, ट्रम्पका डिजिटल आक्रमणहरू निरन्तर र तीव्र रहेका छन् । ट्रम्पले ह्यारिसलाई 'असली नभएको' भन्ने आरोप लगाउँदै उनको प्रमुख रणनीति बनाएका छन् । उनका अनुसार, ह्यारिसको नीति राष्ट्रपति बाइडेनकै नीतिहरूको नक्कल हो । ट्रम्पको अभियानले ह्यारिसका नीतिगत घोषणाहरू बाइडेनको वेबसाइटबाट प्रतिलिपि गरिएको आरोपलाई जोड दिँदै उनलाई विचारशून्य र नयाँ दृष्टिकोणविहीन पात्रको रूपमा चित्रण गरेको छ ।

ट्रम्पको यो आक्रमणकारी सन्देश, उनको साहसी अनलाइन उपस्थितिसँग मिसिएर, उनका समर्थकहरूमा गहिरो प्रभाव छोडेको छ । यसले उनलाई विद्रोही शक्ति र परम्परागत राजनीतिलाई चुनौती दिने पात्रका रूपमा स्थापित गरेको छ । यो रणनीतिले न केवल ह्यारिसमाथि प्रहार गरेको छ, तर ट्रम्पलाई एउटा अनौठो र विवादास्पद व्यक्तित्वको रूपमा थप बलियो बनाएको छ, जसले 'यथास्थिति'लाई चुनौती दिन सधैं तयार रहेको सन्देश प्रवाहित गर्छ ।

### शीर्षकमा हावी हुने रणनीति

ट्रम्पको डिजिटल सफलताको एउटा प्रमुख पक्ष भनेको उनको विवादास्पद र उत्तेजक अभिव्यक्तिहरूको माध्यमबाट समाचारको चक्रमा निरन्तर हावी हुने क्षमता हो । चाहे उनी आफ्नै प्लेटफर्म ट्रुथ सोसल प्रयोग गरून् वा मुख्यधारका सामाजिक सञ्जालमा उपस्थित होऊन्, ट्रम्पले निरन्तर शीर्षकहरू कब्जा गरेका छन् । यस रणनीतिले उनको नामलाई निरन्तर चर्चामा राख्न मद्दत गरेको छ, जसले गर्दा उनको अभियानको विषयवस्तु अनलाइन छलफलको अग्रभागमा नै रहन्छ ।

धेरैजसो घटनामा, ट्रम्पको विवादास्पद टिप्पणी वा गतिविधिहरूले मिडियाको ध्यान खिच्छ । यहाँसम्म कि डरलाग्दा घटनाहरू– जस्तै ट्रम्पमाथि भएका लगातारको हत्या प्रयास– पनि सामाजिक सञ्जालमा व्यापक रूपमा सेयर र बहस गरिएका छन् । यस्ता घटनाहरूले जनतालाई भावनात्मक रूपमा सक्रिय बनाउँछन्, जसले गर्दा उनका समर्थकहरू अझ बढी लामबद्ध हुन्छन् र चुनावी कथा ट्रम्पको वरिपरि केन्द्रित रहन्छ । यसले देखाउँछ कि ट्रम्पले सकारात्मक र नकारात्मक दुवै किसिमका ध्यानलाई कसरी आफ्नो फाइदामा प्रयोग गरेका छन् । चाहे उनीमाथि आलोचना होस् वा समर्थन, उनको नाम सधैं चर्चामा रहन्छ । ट्रम्पको डिजिटल अभियानले यही रणनीतिको उपयोग गरेर, समाचारको प्रकृति जेसुकै होस्, आफ्नो प्रासंगिकता कायम राख्न सफल भएको छ ।

### रणनीतिको तुलना

जसरी डोनाल्ड ट्रम्प र कमला ह्यारिस दुवै आफ्नो डिजिटल अभियानलाई निरन्तर अगाडि बढाइरहेका छन्, उनीहरूको दृष्टिकोणको भिन्नता स्पष्ट हुँदै गएको छ । कमला ह्यारिसको अभियान आधुनिकता र नवाचारमा केन्द्रित छ । उनी मुख्य रूपमा युवा मतदाताहरूलाई लक्षित गर्दै छन्, जहाँ उनीहरूले सामाजिक सञ्जालका प्लेटफर्महरू जस्तै इन्स्टाग्राम, टिकटक र ट्विटरमा लक्षित सामग्रीको माध्यमबाट पहुँच बढाइरहेकी छन् । ह्यारिसको अभियान समावेशी भविष्यको ताजा दृष्टिकोण प्रस्तुत गर्न चाहन्छ, विशेषगरी प्राविधिक ज्ञान भएको र सामाजिक मुद्दामा सचेत जनसंख्यालाई आकर्षित गर्न ।

ट्रम्पको रणनीति भने पूर्ण रूपमा फरक छ । उनको अभियान साहसी, आक्रामक र प्राय: अवरोधकारी रहेको छ । उनले आफ्नो पारम्परिक प्लेटफर्महरू जस्तै 'ट्रुथ सोसल' मा आफ्नो पकड कायम राखेका छन् र विवादको सामना गर्न कहिल्यै पछि हटेका छैनन् । ट्रम्पको डिजिटल भाषाशैलीले मतदाताहरूलाई उत्तेजित गर्न र उनको समर्थनको आधारलाई सक्रिय राख्न उद्देश्य राख्छ । उनको रणनीतिले ठाडो, निडर शैलीलाई प्राथमिकता दिन्छ, जसले गर्दा उनले मिडियामा निरन्तर चर्चा र ध्यान खिच्न सक्छन् ।

ट्रम्पको लागि डिजिटल माध्यम केवल पहुँच बढाउने साधन मात्र होइन, यो एक प्रकारको युद्धभूमि हो । यहाँ उनको ध्रुवीकरण गर्ने शैलीले राम्रैसँग काम गर्छ, जहाँ उनी निडरताका साथ विवादास्पद मुद्दाहरूमा संलग्न हुन्छन् । अर्कोतर्फ, ह्यारिसको डिजिटल अभियानले युवाप्रधान, प्रगतिशील र समावेशी सन्देशलाई प्रवर्धन गर्दै सामाजिक रूपमा सचेत जनतासँग सम्बन्ध बनाउन खोजिरहेको छ । यो भिन्नताले दुवै उम्मेदवारको लक्ष्य र प्राथमिकताहरूलाई स्पष्ट रूपमा देखाउँछ– ह्यारिस नवप्रवर्तन र भविष्यप्रति केन्द्रित छिन् भने, ट्रम्पले आफ्नो विद्रोही, पारम्परिक राजनीतिलाई चुनौती दिने दृष्टिकोणलाई अघि बढाइरहेका छन् ।

### निष्कर्ष: डिजिटल अभियानको शक्ति

अन्तत:, कुन डिजिटल अभियान रणनीति बढी शक्तिशाली सावित हुनेछ भन्ने प्रश्न खुला नै छ । कमला ह्यारिसको प्राविधिक रूपमा सशक्त, युवा लक्षित अभियानले ताजा र नवीन दृष्टिकोण प्रस्तुत गर्छ, तर ट्रम्पको साहसी, निरन्तर आक्रामक शैलीले शीर्षकहरू कब्जा गर्न र व्यापक बहसहरू सिर्जना गर्न सक्षम भएको देखिन्छ । दुवै उम्मेदवारहरूले आफ्नो बलियो पक्षहरूलाई उपयोग गर्दै, डिजिटल माध्यमको प्रयोग गरेर गति निर्माण, मतदातासँग सम्बन्ध बनाउन र २०२४ को अमेरिकी राष्ट्रपतीय चुनावको भविष्यलाई आकार दिन खोजिरहेका छन् । जब ह्वाइट हाउसको लागि लडाइँ तात्दैछ, ट्रम्प र ह्यारिसको डिजिटल रणनीतिले यस दौडमा निर्णायक भूमिका खेलिरहनेछ, जसले आधुनिक राजनीतिमा अनलाइन अभियानको बढ्दो महत्वलाई प्रतिबिम्बित गर्छ । यो सधैं परिवर्तन भइरहने डिजिटल परिदृश्यमा, डोनाल्ड ट्रम्पको अवरोधकारी, विवादास्पद र आक्रामक डिजिटल रणनीतिले उनलाई हालसम्म एक प्रभावशाली शक्तिका रूपमा उभ्याएको छ । अब यो मतदाताले निर्णय गर्नेछन् कि दिनको अन्त्यमा जित साहस (बोल्डनेस) ले गर्ला वा नवप्रवर्तन (इन्नोभेसन) ले !

*(साभार: अनलाइनखबर)*

# आरोग्य र आध्यात्मिक शक्तिका लागि कार्तिक स्नान

✍ अजयकुमार झा

जलस्नान मानिसको एक स्वाभाविक दैनिक कर्म हो । यो स्नानको विषयसँग पनि उत्सव, पर्व, पूजा, आराधना, उपासना, अभ्यास, साधना, योग, ज्ञान आदि जोडिएका छन् । मकर संक्रान्तिको स्नान र पुसी पूर्णिमा (पौष शुक्ल पूर्णिमा)को स्नान निकै प्रसिद्ध छन् । गंगास्नान जीवनकै एक अभीष्टका रूपमा रहेको हुन्छ । विभिन्न अवसरमा विशेष स्नानको महत्त्व छ । यस्तै दुई मासिक स्नान अर्थात् कार्तिक स्नान र माघी स्नान, जसमा यी दुई महिनाको दुवै चन्द्र पक्ष (कृष्ण र शुक्ल)को अवधिभर दैनिक ब्रह्म मुहूर्तमा स्नान गरी भगवान् नारायणको उपासना गरिन्छ ।

वर्ष २०८१ को कार्तिक मासको आरम्भसँगै कार्तिक स्नान प्रारम्भ भइसकेको छ । यो स्नान उपासना प्राय: प्रौढ र वृद्धवृद्धा गर्छन् । शास्त्र-पुराणमा यस कार्तिक मासमा भगवान् विष्णु नारायण रूपमा जलमा निवास गर्नुहुन्छ भन्ने मान्यता छ । यस्तो मानिन्छ कि भगवान् विष्णु क्षीरसागर (ब्रह्माण्डीय सागर)मा निद्रा योगमा जानुहुन्छ । यस कारणले कार्तिक कृष्ण प्रतिपदादेखि कार्तिक पूर्णिमासम्म नियमित सूर्योदयभन्दा पहिले नदी वा जलाशयमा गएर स्नान गर्नु पुण्य प्रदायी मानिन्छ ।

कार्तिक मास चतुर्मासको अन्तिम महिना हो । चतुर्मास भनेको चार महिनाको एक पवित्र अवधि हो । यो अवधि हरिशयनी वा देवशयनी एकादशीदेखि प्रबोधिनी एकादशी सम्मलाई मानिन्छ । देवशयनी एकादशीको दिनबाट देवताहरु विश्राममा जाने विश्वास गरिन्छ । शरीर सफा गर्नु व्यक्तिगत विषय हो, तर यो केही धार्मिक अनुष्ठानको आध्यात्मिक भाग पनि हो । हिन्दु धर्ममा कार्तिकको विशेष महत्व छ । कात्तिकमा पूर्व प्रभात कालमा स्नान गरी भगवान् विष्णु र माता लक्ष्मीको पूजा गर्नाले मानिसको जीवनमा सुख र समृद्धि आउने जनविश्वास रहेको छ ।

कार्तिक स्नान भनेको समुदाय र धर्मस्थल वा तीर्थस्थलनजिकै नदी, पोखरी आदि प्राकृतिक पवित्र जलाशयमा गरिने प्रात: स्नान हो । कार्तिक स्नान गर्नाले आरोग्यता र आध्यात्मिक शक्ति प्राप्त हुन्छ । यस स्नानले यस शरीर र मनबाट हुन गएका पापको प्रायश्चित हुन्छ । कार्तिक स्नानले इच्छा अनुसारको फल र मोक्षको प्राप्ति हुन्छ ।

कार्तिक मासको महात्म्यमा भनिएको छ कि एक गणिकाले एक दिन एक ऋषिलाई भेटेर आफ्नो मुक्तिको उपाय सोधिन् । ऋषिले गणिकालाई कार्तिक स्नानको महत्त्व बताए । प्रत्येक दिन गणिकाले सूर्योदयअघि नदीमा नुहाएर नदी किनारमा दियो बाल्दै भगवान् विष्णु र सूर्यदेवको पूजा गर्न थालिन् । यस पुण्यको प्रभावले बिना कुनै पीडा आफ्नो शरीर छाडेर उनी दिव्य विमानमा बैकुण्ठ गइन् ।

कार्तिकको महिमा वर्णन गर्ने देवी रुक्मिणीको कथा पनि छ । पद्म पुराणका अनुसार अघिल्लो जन्ममा रुक्मिणी गंगाको किनारमा बस्ने विधवा ब्राह्मणी थिइन् । उनी नियमित रूपमा गंगा स्नान, तुलसीको पूजा र भगवान् विष्णुको ध्यान गर्थिन् । कार्तिक महिनाको चिसोमा एक दिन नुहाएर पूजा गर्दा उनको आत्मा शरीर बाट मुक्त भयो । उनको आत्मामा पुण्यको यति धेरै धन थियो कि उनले देवी लक्ष्मी बराबरको पद पाइन् । यही गुणको प्रभावले उनी भगवान् श्रीकृष्णकी रानी बनिन् ।

कार्तिक महात्म्यको वर्णन गर्दै भगवान् श्रीकृष्णले सत्यभामालाई आफ्नो पूर्वजन्ममा भगवान् विष्णुको पूजा गरेको बताएका थिए । सत्यभामाले कार्तिकमा सूर्योदयअघि नुहाएर जीवनभर तुलसीमा दीप प्रज्वलन गरिन् । यही गुणका कारण सत्यभामा श्रीकृष्णकी पत्नी भइन् । भगवान् श्रीकृष्णले आफूलाई सबै महिनामध्ये कार्तिक सबैभन्दा प्रिय रहेको बताएका छन् । यस महिनामा खाना र दियो दान गर्ने वा कुबेरको पूजा गर्ने जो-कोहीलाई कुबेरले आशीर्वाद दिने विश्वास गरिन्छ ।

एक कथा यस्तो छ कि शंखासुर नामक राक्षस ब्रह्माजीबाट वेद चोरेर भागिरहेको थियो । वेद उसको हातबाट समुद्रमा खस्यो । देवताको प्रार्थनाबाट प्रशन्न भई भगवान् विष्णुले भने कि म माछाको रूप लिन्छु र अब वेद ल्याउँछु । अबदेखि कार्तिकमा म आफैं पनि सबै वेदसहित जलमा रहनेछु । शरद ऋतु ६ ऋतुमध्ये एक हो । वर्षा ऋतु समाप्त भएपछि शरद ऋतु सुरु हुन्छ । शरद ऋतुले चिसो मौसमको सुरुवात र गर्मीको अन्त्य हुने भएकाले यस परिवर्तित मौसममा सामञ्जस्य कायम राख्न कार्तिक स्नानको महत्त्व छ । यस्तै, आवधिक वर्षा सकेर फिजिन लागेको चिसोको मौसमसँग मेल खान कार्तिक स्नानको महत्त्व छ । नुहाउनु भनेको शरीरलाई पूर्ण वा आंशिक रूपमा पानीमा डुबाउनु हो । शरीर सफा गर्नु व्यक्तिगत विषय हो, तर यो केही धार्मिक अनुष्ठानको आध्यात्मिक भाग पनि हो ।

हिन्दु धर्ममा कार्तिकको विशेष महत्त्व छ । कात्तिकमा पूर्व प्रभात कालमा स्नान गरी भगवान् विष्णु र माता लक्ष्मीको पूजा गर्नाले मानिसको जीवनमा सुख र समृद्धि आउने जनविश्वास रहेको छ । साथै यस महिनामा गंगास्नानको विशेष महत्त्व रहेको छ । हिन्दु धर्ममा मानिसको सद्गत् दाहसंस्कार विधिबाट गरिन्छ, तर दाहसंस्कारको तीन दिनपछि मृतकको भष्मबाट फूला (हाडको अवशेष) झिकेर गंगा नदीमा प्रवाह गरिन्छ । फूला जलसमाधि एक तरहले मानिसको जीवन यात्राको अन्तिम स्नान हो ।

कार्तिक मासमा अनेक पर्व पर्छन्– धनतेरश, नरक निवारण चतुर्दशी, दीपावली, काली पूजा, लक्ष्मी पूजा, गोवर्द्धन पूजा, भ्रातृद्वितीया, यम पञ्चकको रूपमा गाईतिहार, कुकुरतिहार, छठ महापर्व, कार्तिका एकादशी, कार्तिक पूर्णिमा, सामा-चकेवा आदि । यो स्नान पर्वमा सूर्योदयअघि उठेर पवित्र नदीमा नुहाउने चलन छ । यो सम्भव छैन भने पानीमा गंगाजल मिसाएर स्नान गर्न सकिन्छ । यस महिनामा के खाने र के नखाने भन्ने पनि मान्यता छन् । खासगरी गाईको दूध, केरा, खजुर, नरिवल, अम्बा आदि खाँदा स्वास्थ्यलाई राम्रो हुने भनिन्छ ।

कार्तिक महिनामा दीपदान, तुलसी पूजा, भुइँमा सुत्ने गर्दा राम्रो हुने मान्यता छ । कार्तिकमा तुलसीको पूजा गरी दीप प्रज्ज्वलन गर्दा भगवान् विष्णु प्रशन्न हुन्छन् । यस महिनामा भगवान् विष्णुको नाम जप तथा भगवद्गीता, रामायण र विष्णु सहस्रनामको पाठ गर्नु उपयुक्त हुन्छ । यस्तै, तुलसीको बिरुवाको छेउमा दियो बाल्नु धेरै शुभ मानिन्छ । आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म स्नान गरी घरघरमा विशेष रूपमा विधिविधानका साथ तुलसीपूजा गरिन्छ । कार्तिक स्नानको सुरुवात भएसँगै हरेक दिन सूर्योदयअघि नै तुलसीको पूजा गरिसक्नुपर्ने मान्यता छ ।

कार्तिक शुक्ल पूर्णिमाको दिन कार्तिक स्नान समापन गरिने चलन छ । कार्तिक पूर्णिमाको दिन उपवासमा रहनुपर्छ । यस दिन मिथिलाञ्चलको लोकप्रिय पर्व सामा-चकेवा मनाउने परम्परा छ । सामा-चकेवा पर्व केवल मिथिलाञ्चलमा मात्र होइन, आर्यावर्तका अन्य क्षेत्रमा पनि हर्षोल्लास र लोकाचारका साथमा मनाउने गरिन्छ । सामा-चकेवा पर्व कात्तिक शुक्ल पञ्चमीदेखि पूर्णिमासम्म मनाइन्छ । यो पर्व पूर्वी नेपालका थारु जनजातिले पनि विशेष उत्साहका साथ मनाउने गर्छन् ।

*(साभार: रातोपाटी)*

# एनपीएलमा नेपालका पूर्वप्रशिक्षकदेखि आईपीएलकासम्म



काठमाडौं/मंसिर मध्यदेखि हुने नेपाल प्रिमियर लिग (एनपीएल) का लागि अहिले फ्रेन्चाइज टोलीहरु धमाधम विदेशी खेलाडी अनुबन्ध गरिरहेका छन् । टेष्ट राष्ट्रदेखि एसोसिएट राष्ट्रका उत्कृष्ट क्रिकेटर अनुबन्ध गर्ने होडबाजी चलिरहेको छ । न्युजिल्याण्डका अलराउण्डर जिम्मी निसमदेखि दक्षिण अफ्रिकन बलर मर्चेन्ट डे ल्याङ सम्मका टेष्टका खेलाडी एनपीएल खेल्न आउने भएका छन् ।

यस्तै एसोसिएट क्रिकेटका उत्कृष्ट खेलाडी नामिबियाका कप्तान जेरार्ड एरासमस, डच अलराउण्डर बास डे लिडे अनि डच युवा ओपनर माइकल लेभिट पनि एनपीएलका लागि अनुबन्ध भइसकेका छन् । एनपीएलमा ८ टोलीले प्रतिस्पर्धा गर्नेछन् र हरेक टोलीले ४ विदेशी खेलाडी राख्नेछन् । त्यसैले यस पटक धेरै विदेशी खेलाडी आउने पक्का छ ।

विदेशी खेलाडी मात्र होइन यस पटक एनपीएलका लागि प्रशिक्षकहरु पनि अधिकांश विदेशकै अनुबन्ध भएका छन् । नेपाली राष्ट्रिय टिमकै दुई पूर्व विदेशी प्रशिक्षक उमेश पटवाल र पुबुदु दासानायके पनि एनपीएलमा फ्रेन्चाइज टिमको प्रशिक्षक छन् । यस्तै नेपालकै राष्ट्रिय टिमका पूर्वप्रशिक्षक जगत टमाटाले पनि एनपीएलमा क्लब सम्हाल्नेछन् । इन्डियन प्रिमियर लिग आइपीएलमा चेन्नाई सुपर किंग्सको प्रशिक्षक रहिसकेका राजीवकुमार पनि एनपीएलमा प्रशिक्षकको रुपमा आउँदैछन् ।

यसअघि नेपालमा फ्रेन्चाइज लिग खेलिसकेका आयरल्याण्डका पूर्वअलराउण्डर केभिन ओ'ब्रायन पनि यस पटक प्रशिक्षकको भूमिका एनपीएलमा आउँदैछन् । नेपालको पहिलो पुस्ताका क्रिकेट खेलाडी तथा नेपालका पूर्व सहायक प्रशिक्षक रहेका बसन्त शाही पनि एनपीएलमा प्रशिक्षक छन् । यसबाहेक नेपाली राष्ट्रिय टिमका पूर्व कप्तान ज्ञानेन्द्र मल्ल समेत फ्रेन्चाइज टिमको मुख्य प्रशिक्षक बनेका छन् । यति मात्र होइन सन् २००७ को टी-२० विश्वकप विजेता अष्ट्रेलियन ब्राड हज अनी दक्षिण अफ्रिकन लेजेण्ड तथा महान फिल्डर जोन्टी रोड्स पनि मेन्टरको रुपमा एनपीएलको टिममा छन् ।

समग्रमा एनपीएलका लागि ५ विदेशी प्रशिक्षक अनुबन्ध भएका छन् भने ३ नेपाली प्रशिक्षक छन् । यस्तै दुई विदेशी मेन्टरको भूमिका छन् । पाँच विदेशीमध्ये भारतका तीन प्रशिक्षक छन् भने क्यानडा र आयरल्याण्डका समान एक प्रशिक्षक छन् । क्यानको आयोजनामा आगामी मंसिर १५ देखि पुस ६ गतेसम्म हुने एनपीएलमा विराटनगर कंग्स, जनकपुर बोल्ट्स, काठमाडौं गुर्खाज, चितवन राइनोज, पोखरा एभेन्जर्स, लुम्बिनी लायन्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्सले प्रतिस्पर्धा गर्नेछन् ।

**पुबुदु दासानायके (क्यानडा), जनकपुर बोल्ट्स**

नेपाल प्रिमियर लिग (एनपीएल) का लागि अनुबन्ध हुने सबैभन्दा अनुभवी प्रशिक्षक पुबुदु दासानायके हुन् । जनकपुर बोल्ट्सले अनुभवी क्यानडेली प्रशिक्षक पुबुदु दासानायकेलाई मुख्य प्रशिक्षक नियुक्त गरेको छ । पुबुदुले यसअघि दुई कार्यकाल नेपालको राष्ट्रिय टिमको मुख्य प्रशिक्षकको रुपमा काम गरिसकेका छन् । हाल नेपाली टिमसँगै अमेरिकामा रहेका पुबुदु अहिले नेपाली टिमको मेन्टर समेत हुन् ।

पुबुदुले सन् २०११ देखि २०१५ सम्म पहिलो पटक नेपालको प्रशिक्षकको भूमिकामा काम गरेका थिए । उनकै प्रशिक्षणमा नेपाल डिभिजन पाँच देखि टी-२० विश्वकपसम्म पुगेको थियो । पुबुदुकै प्रशिक्षणमा नेपालले सन् २०१४ मा पहिलो पटक टी-२० विश्वकप खेलेको थियो । पछिल्लो पटक उनले २०२१ देखि २०२२ सम्म दोस्रो पटक नेपाली टोली हेरेका थिए । दोस्रो कार्यकालमा उनी आउँदा नेपाली टोलीभित्र चरम विवाद थियो, उनले विवाद मिलाउने प्रयाससमेत गरेका थिए । उनले त्यसअघि क्यानडा र अमेरिकाको पनि प्रशिक्षण सम्हालिसकेका छन् । यस्तै ओमानको मेन्टरको रुपमा पनि काम गरिसकेका छन् । पुबुदुलाई जनकपुरमा नेपाली प्रशिक्षक मनोज कटुवालले सघाउनेछन् ।

दुई वर्षअघि भएको नेपाल टी-२० लिगमा च्याम्पियन बनेको लुम्बिनी अलस्टारकै टिमले जनकपुर बोल्ट्सलाई हेरिरहेको छ । लुम्बिनी अल स्टार्सको लेगेसीलाई काम राख्ने जनकपुरको लक्ष्य छ । पुबुदुले एनपीएलमा जनकपुरको प्रशिक्षक बनेर पेरि नेपाल फर्कन पाउँदा उत्साहित रहेको बताएका छन् । एमएडी ड्रिम्स प्रालिको स्वामित्वमा रहेको जनकपुरको क्रिकेट डिरेक्टरमा बरदान चालिसे छन् । राष्ट्रिय टिमका विकेटकिपर ब्याटर जनकपुरको मार्की प्लेअर छन् ।

**उमेश पटवाल (भारत), चितवन राइनोज**

नेपाली राष्ट्रिय टिम हेरिसकेका अर्का विदेशी प्रशिक्षक हुन् भारतीय उमेश पटवाल । चितवन राइनोजले उनै उमेश पटवाललाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ । उनले यसअघि नेपालले विभिन्न भूमिकामा रहेर काम गरिसकेका छन् । यस्तै उनले एभरेस्ट प्रियिमर लिगमा पोखरा राइनोजको प्रशिक्षको भूमिकामा पनि काम गरिसकेका छन् । सन् २०१८ मा पोखरा प्रिमियर लिगमा पटवाल टेक्निकल डिरेक्टर थिए । नेपाल आउनुअघि उनी अफगानिस्तान राष्ट्रिय क्रिकेट टोलीको ब्याटिङ प्रशिक्षक थिए ।

चितवनको टोलीमा युवा अलराउण्डर कुशल मल्ल मार्की प्लेअरको रुपमा छन् । यस्तै चितवनले अनुभवी खेलाडी शरद भेषावकरलाई पनि अनुबन्ध गरेको छ । पटवालले आइपीएलमा कोची टस्कर्स केरलको सहायक प्रशिक्षकको रुपमा पनि काम गरिसकेका छन् । चितवन राइनोजको स्वामित्व चितवन मेडिकल कलेजसँग रहेको छ ।

**राजीव कुमार (भारत), पोखरा एभेन्जर्स**

भारतीय प्रशिक्षक राजिव कुमारलाई पोखरा एभेन्जर्सले मुख्य प्रशिक्षक नियुक्त गरेको छ । राजीवको मुख्य विशेषता भनेको उनले भारतको डोमेस्टिक क्रिकेट खेलेका छन् भने पछिल्लो समय इन्डियन प्रिमियर लिग (आईपीएल) मा चेन्नई सुपर किंग्सको प्रशिक्षकको रुपमा थिए । उनले चेन्नईमा ब्याटिङ र फिल्डिङ प्रशिक्षकको रुपमा काम गरिसकेका छन् । उनले झारखण्ड र विहारका लागि पनि खेलेका छन् । राजीव कुमारले हाल झारखण्ड क्रिकेट टोलीको मुख्य प्रशिक्षकका रूपमा काम गरिरहेका छन् । उनीसँग झारखण्ड यु-१९ टोलीको प्रशिक्षण सम्हालेको अनुभव पनि छ ।

पोखराले मेन्टरमा दक्षिण अफ्रिकी लेजेण्ड जोन्टी रोड्सलाई अनुबन्ध गरिसकेको छ । राजीव कुमार र जोन्टी रोड्सको आगमनले पोखराले उत्कृष्ट प्रदर्शन गर्ने विश्वास राखेको छ । नेपाली राष्ट्रिय टोलीका ओपनर कुशल भुर्तेल पोखराको मार्की प्लेअरमा छन् । पोखराको स्वामित्व नेपाल टी-२० प्रालिसँग छ ।

**नन्दन फडनिस (भारत), लुम्बिनी लायन्स**

लुम्बिनी लायन्सले भारतका नन्दन फडनिसलाई मुख्य प्रशिक्षक नियुक्त गरेको छ । फडनिसले हाल नेपाली राष्ट्रिय क्रिकेट टोलीको सल्लाहकार प्रशिक्षकका रूपमा काम गरिरहेका छन् । पछिल्लो समय मोन्टी देसाईको सहयोगीको रुपमा काम गरिरहेका उनलाई नेपाली क्रिकेटबारे नजिकबाट जानकारी छ । उनी पहिलो पटक नेपालमा फ्रेन्चाइज क्रिकेट टोलीको मुख्य प्रशिक्षक बनेका हुन् ।

फडनिससँग नेसनल क्रिकेट एकेडेमी, गोवा क्रिकेट संघ र मुम्बई क्रिकेट संघमा प्रशिक्षकका रूपमा काम गरिसकेको अनुभव छ । यस्तै उनले विभिन्न कर्पोरेट तथा विश्वविद्यालयका टोलीसँग काम गरेका छन् । फर्चुना हेल्थ केयर प्रालिको स्वामित्व रहेको लुम्बिनीले राष्ट्रिय टिमका पूर्व स्टार शक्ति गौचनलाई कन्सलट्यान्ट प्रशिक्षकको रुपमा नियुक्त गरेको छ । यस्तै नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान रोहितकुमार पौडेल मार्की लुम्बिनीको मार्की प्लेअर छन् ।

**केभिन ओ'ब्रायन (आयरल्यान्ड), विराटनगर किंग्स**

केभिन ओ'ब्रायन नेपाली क्रिकेटको बारेमा निकै जानकार रख्छन् । उनी खेलाडी छाँदा नेपालमा आएर खेल्न इच्छुक थिए । यस्तै यसअघि नेपालमा आएर पनि खेले र उनी नेपाली समर्थक देखेर पागल जस्तै छन् । यस पटक उनै ओ'ब्रायनलाई विराटनगर किंग्सले मुख्य प्रशिक्षक नियुक्त गरेको छ । यसअघि उनले काठमाडौं किंग्स ११ बाट एभरेष्ट प्रिमियर लिग खेलेका थिए । उनी पहिलो पटक फ्रेन्चाइज टोली सम्हाल्ने गरी नेपाल आउँदैछन् ।

विराटनगरको मार्की प्लेअरमा नेपालका पूर्वकप्तान सन्दीप लामिछाने छन् । अब केभनि ओ'ब्रायन र सन्दीप लामिछानेको जोडीले विराटनगरलाई अगाडि बढाउनेछन्। विराटनर ड्रिम्स प्रालिको स्वामित्व रहेको टोली हो ।

**जगत टमाटा (नेपाल), सुदूरपश्चिम**

नेपालका सबैभन्दा सफल प्रशिक्षक हुन जगत टमाटा । उनीसँग नेपालको सियर टोली जुनियर टोली र महिला टोलीको प्रशिक्षकको रुपमा काम गरेको अनुभव छ । एनपीएलका लागि सुदूरपश्चिम रोयलसले उनै टमाटालाई मुख्य प्रशिक्षक नियुक्त गरेको छ । एनपीएलमा प्रशिक्षक बन्ने नेपाली राष्ट्रिय टिमका पूर्व प्रशिक्षकमध्ये टमाटा पनि एक हुन् ।

टमाटा नेपाली क्रिकेटको विकास र महत्वपूर्ण सफलतामा सधैं सँगै थिए । टमाटाकै प्रशिक्षण नेपालले सन् २०१८ मा पहिलो पटक एकदिवसीय अन्तर्राष्ट्रिय (ओडीआई) मान्यता पाएको थियो । उनले सन् २०१६ देखि २०१९ सम्म नेपालको मुख्य प्रशिक्षक बनेर काम गरेका थिए । पछिल्लो पटक सन् २०२० मा नेपालले थाइल्यान्डमा एसीसी इस्टर्न रिजन प्रतियोगिता खेल्दा उनी नेपालको मुख्य प्रशिक्षक थिए ।

टमाटाकै प्रशिक्षणमा नेपालले तीन पटक यू-१९ विश्वकप (२०१२, २०१६ र २०२४) मा खेलेको थियो । उनी हाल नेपाली राष्ट्रिय टोलीको कन्सलट्यान्ट प्रशिक्षकको रुपमा छन् । टमाटा पनि नेपाली टोलीसँगै अमेरिका छन् । हाल उनी नेपालको सहायक प्रशिक्षकको रुपमा क्यानडामा छन् ।

यस पटक सुदूरपश्चिमले मार्की प्लेअर र प्रशिक्षक दुवै आफ्नै क्षेत्रको पाएको छ । इम्पायर स्पोर्ट्सको स्वामित्वमा रहेको सुदूर पश्चिले लक्की ड्र मार्फत आफ्नै क्षेत्रका दीपेन्द्रसिंह ऐरीलाई मार्की प्लेअरको रुपमा पाएको हो ।

**बसन्त शाही (नेपाल), काठमाडौं गुर्खाज**

एनपीएलमा अनुबन्ध हुने अर्का घरेलु प्रशिक्षक हुन् बसन्त शाही । जगत टमासँगै नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेका बसन्त शाही नेपालको पहिलो पुस्ताका खेलाडी हुन् । उनलाई काठमाडौं गुर्खाजले एनपीएलका लागि मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ । यसअघि शाही नेपालकी राष्ट्रिय टिममा सहायक प्रशिक्षकको भूमिका थिए । तर लिग टु का लागि क्यानडा टुर गर्दा भने उनको स्थानमा जगत टमाटा कन्सल्यान्ट प्रशिक्षकको रुपमा टिममा समावेश भए । बसन्त शाहीले यसअघि नेपाल यू-१९ पुरुष टोलीको प्रशिक्षकको रुपमा पनि काम गरेका थिए । काठमाडौंको मार्की प्लेअरमा राष्ट्रिय टिमका पेस बलर करण केसी छन् ।

**ज्ञानेन्द्र मल्ल (नेपाल), कर्णाली याक्स**

ज्ञानेन्द्र मल्ल एनपीएलमा जोडिने अर्का नेपाली प्रशिक्षक हुन् । छोटो समयमै प्रशिक्षण करियरमा फड्को मारेका ज्ञानेन्द्र अब फ्रेन्चाइज टिमको प्रशिक्षक बनिसकेका छन् । उनलाई कर्णाली याक्सले एनपीएलका लागि मुख्य प्रशिक्षक र क्रिकेट डिरेक्टरको रुपमा अनुबन्ध गरेको छ ।

दुई वर्षअघि नेपाल टी-२० लिग हुँदा ज्ञानेन्द्र आफैं खेलाडीको भूमिकामा थिए । गत वर्षसम्म उनी नेपाली राष्ट्रिय टिममै थिए । तर पछिल्लो एक वर्षमा भने ज्ञानेन्द्रको दोस्रो इनिङ्स अघि बढिरहेको छ । उनले गत वर्ष खेलाडी जीवनबाट सन्यास लिएका थिए । त्यसपछि उनी प्रशिक्षणतर्फ लागे । उनले सुरुमै नेपालको ए टिम सम्हाल्ने मौका पाए । गत फागुनमा उनी नपाल ए को प्रशिक्षक बनेका थिए । उनले एकेडेमीमा पनि लामो समयदेखि क्रिकेट सिकाएका छन् ।

खेलाडी हुँदा उत्कृष्ट ब्याटरको छवी बनाएका ज्ञानेन्द्र मल्ल नेपाली राष्ट्रिय टिमको कप्तान हुँदै ए टिमको प्रशिक्षकसम्म बने । अब उनको लागि नयाँ चुनौतीको रुपमा फ्रेन्चाइज लिग एनपीएल टिम हेर्ने अवसर आएको छ । ज्ञानेन्द्र एनपीएलमा अनुबन्ध हुनेमध्ये सबैभन्दा कान्छो प्रशिक्षक हुन् । यस्तै ज्ञानेन्द्रले अब आफैंलाई क्रिकेट सिकाएका प्रशिक्षकहरुसँग एनपीएलमा प्रतिस्पर्धा गर्नेछन् ।

ज्ञानेन्द्रले खेलाडी हुँदा पुबुद, उमेश पटवाल, जगत टमाटाको प्रशिक्षणमा खेलिसकेका छन् । अब तिनै प्रशिक्षकहरुसँग ज्ञानेन्द्रले रणनीतिमा प्रतिस्पर्धा गर्नेछन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'अग्निदहन'को रत्यौली गीत 'दाई दाई नभन मलाई' रिलिज



काठमाडौं/बोक्सी कुप्रथाविरुद्धको फिल्म 'अग्निदहन'को पहिलो गीत सार्वजनिक गरिएको छ । 'दाई दाई नभन मलाई' बोलको लोक लयको गीतमा पार्वती जिसी र तुलसी क्षेत्रीको युगल गायन छ भने परशुराम अधिकारीको संगीत तथा लोकमणि पौडेलको शब्द रचना छ । गीतको भिडियोलाई विवाहको सेटअपमा तयार पारिएको छ, जहाँ महिलाहरु रत्यौलीमा रमाइरहेका छन् ।

धर्मेन्द्र पौडेलले कोरियोग्राफी रहेको भिडियोमा अनुपमा भण्डारी, प्रमिला तुलाचन, रमा त्रिपाठी, सनिशा भट्टराई, तुलसी क्षेत्री, सरला कुमारी पाण्डे लगायत नृत्य गर्दै प्रस्तुत छन् । यसमा रत्यौली खेल्दा छोरी मान्छे केटाको भेषमा नाच्ने प्रचलनलाई पनि देखाइएको छ, जसलाई 'लुठो' भनिन्छ । भिडियोमा रमा त्रिपाठी दौरा सुरुवाल, स्टकोट र ढाका टोपी लगाएर 'लुठो' बनेकी छन् ।

लोकमणि पौडेलको उपन्यास 'अग्निदहन'मा आधारित भएर बनेको फिल्ममा प्रकाश घिमिरे, प्रमिला तुलाचन, माओत्से गुरुङ, अनुपमा भण्डारी, तुलसी क्षेत्री, विष्णु वास्तोला, ताराबहादुर गुरुङ लगायतको अभिनय छ । आगामी मंसिर ७ गतेबाट प्रदर्शन हुन लागेको फिल्मलाई मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठान नेपालले निर्माण गरेको हो ।

फिल्मलाई घनश्याम लामिछानले निर्देशन गरेका हुन् । मान्छे बोक्सी हुँदैन भन्ने सोचलाई अभियानको रुपमा अगाडि बढाउन फिल्म बनाएको उनको भनाइ छ । मैथिली र भोजपुरी भाषामा समेत डबिङ गरिएको फिल्ममा लोकमणि पौडेलको कथा, पटकथा र संवाद, कोविदशरण उपाध्यायको परिकल्पना, दीर्घ गुरुङको छायांकन तथा दीर्घ खड्काको सम्पादन रहेको छ ।

# ६ वर्षपछि टेलिभिजनमा फर्किंदै भारतीय जासूसी शो 'सीआईडी'




काठमाडौं/भारतको चर्चित टेलिभिजन शो 'सीआईडी'का फ्यानका लागि खुसीको खबर छ । २० वर्षभन्दा बढी समयदेखि दर्शकलाई मनोरञ्जन दिंदै आएको यो शोको पुनरागमन हुने भएको छ ।

सोनी टिभीले शोको क्लिप सार्वजनिक गर्दै यसबारे जानकारी दिएको छ । क्लिपमा लोकप्रिय कलाकार शिवाजी साटम, आदित्य श्रीवास्तव र दयानन्द शेट्टी देखिएका छन् ।

दयानन्द शेट्टीको कालो आँखाको क्लोज-अप शटबाट क्लिप सुरु हुन्छ । त्यसपछि एसीपी प्रद्युम्न प्रहरीको गाडीबाट मुसलधारे पानीमा निस्केको देखिन्छ । पृष्ठभूमिमा सीआईडीको चर्चित थिम संगीत बज्छ ।

डिटेक्टिभ ड्रामा विधाको यो शोमा 'इन्स्पेक्टर पंकज'को मुख्य भूमिका निर्वाह गरेका अभिनेता अजय नागरथले पनि उक्त क्लिप आफ्नो सामाजिक सञ्जालमा सेयर गर्दै क्याप्सनमा लेखेका छन्, 'के तपाईं उत्साहित हुनुहुन्छ ?' यसले शोका कलाकारमा पनि यसप्रति निकै उत्साह रहेको देखाउँछ ।

यो लोकप्रिय शो फर्किने खबरले फ्यान पनि उत्साहित छन् । सोनी टिभीको हिट शृंखला सीआईडी २० वर्षको सफल दौड पूरा गर्दै अक्टोबर २०१८ मा समाप्त भएको थियो । शोमा काम गर्ने कलाकारहरु आफ्नो उत्कृष्ट अभिनयका कारण घरघरमा चर्चित भए । ट्रेलर शनिबार सार्वजनिक हुने जनाइएको छ ।

# 'द रिङ्स अफ पावर' बन्यो संसारकै महंगो वेब सिरिज



काठमाडौं/यस्तो वेब सिरिज जसको एउटा एपिसोड यति महंगो भएको बताइन्छ कि यो धेरै बलिउड फिल्मभन्दा बढी हो । तपाईंले सुन्नभएको होला 'द लर्ड अफ द रिङ्स : द रिङ्स अफ पावर' । यसलाई इतिहासको सबैभन्दा महंगो टिभी शो भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । यस शोको पहिलो सिजन सन् २०२२ मा अमेजन प्राइम भिडियोमा प्रिमियर भएको थियो ।

'डेडलाइन'को एक रिपोर्टका अनुसार यो सिरिजमा अमेजन स्टुडियोको लागत एक बिलियन अमेरिकी डलर (८ हजार ३०० करोड भारु) छ । यस बजेटमा सिजन-१ का लागि अधिकार खरिद र प्रवर्द्धन लागत पनि समावेश छ ।

'कोलाइडर'को अर्को रिपोर्ट अनुसार उत्पादन लागत मात्रै ४६ करोड ५० लाख डलर (३ हजार ८०० करोड भारुभन्दा धेरै) थियो । आठ एपिसोडको सिजनको प्रत्येक एपिसोडको लागत लगभग ५८ मिलियन डलर थियो ।

अहिलेसम्मकै महंगो फिल्मको कुरा गर्दा 'स्टार वार्स : द फोर्स अवेकन्स'लाई भनिन्छ, जसको निर्माण बजेट ४४७ मिलियन डलर थियो, जुन 'रिङ्स अफ पावर' भन्दा कम हो । मूल 'लर्ड अफ द रिङ्स ट्रिलोजी'को तीन फिल्मको निर्माण लागत जम्मा २६ करोड डलर थियो । फिल्मको स्पिन अफ भन्दा शोको लागत धेरैअघि देखिन्छ ।

यसको तुलनामा भारतीय फिल्म धेरै पछाडि छन् । सबैभन्दा महंगा भारतीय फिल्ममध्ये 'कल्की २८९८ एडी', 'आरआरआर' र 'आदिपुरुष'को निर्माण बजेट उच्च छ । तर रिङ्स अफ पावरको सिजन १ को लागतको १५ को १ भाग मात्रै हो । यो शोको बजेट यति उच्च छ कि प्रतिएपिसोड उत्पादन लागत ४८ मिलियन डलर छ ।

यो बजेट 'ब्रह्मास्त्र पार्ट वन' (४५ मिलियन), 'सिंघम अगेन' (४२ मिलियन) र 'जवान' (३६ मिलियन)जस्ता केही ठूला भारतीय फिल्मको बजेट भन्दा बढी हो ।

'लर्ड अफ द रिङ्स : द रिङ्स अफ पावर' कथाको बारेमा कुरा गर्दा यो काल्पनिक ठाउँ मिडल अर्थको हो । यो १९ वटा औंठीको कथा हो जसलाई शक्तिको औंठी पनि भनिन्छ । यी १९ वटा औंठीहरूमध्ये केही एलेस जातिका मानिसलाई, केही बौनेहरूलाई र केही मानव जातिलाई दिइन्छ । यी औंठी भएकाले आफ्नो जातका मानिसमाथि शासन गर्छन् ।

# सगरमाथा क्षेत्रमा एक महिनामै पुगे ९ हजार पर्यटक

सोलुखुम्बु/विश्वको सर्वोच्च शिखर सगरमाथा क्षेत्रमा एकै महिना झन्डै नौ हजार पर्यटक भ्रमणका लागि पुगेका छन् । गत असोजमा आठ हजार नौ सय दुईजना पर्यटक भ्रमणका लागि खुम्बु पुगेका सगरमाथा राष्ट्रिय निकुञ्जको कार्यालय नाम्चे सोलुखुम्बुले जनाएको छ ।

जसबाट निकुञ्जले दुई करोड तीन लाख ४८ हजार पाँच सय ५३ राजस्व सङ्कलन गरेको निकुञ्जका कर्मचारी विवेक श्रेष्ठले जानकारी दिए । उनका अनुसार निकुञ्जले प्रतिपर्यटक नेपाली रु एक सय, सार्क मुलुक रु एक हजार पाँच सय र अन्य मुलुक रु तीन हजार प्रवेश शुल्क लिने गरेको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ को साउनमा १२५ तथा भदौमा एक हजार तीन सय ३१ पर्यटकले सगरमाथा क्षेत्रको भ्रमण गरेका छन् । सो महिनामा तीन लाख ४५ हजार नौ सय ७५ र भदौमा रु ३२ लाख ३६ हजार छ सय ९६ राजस्व सङ्कलन भएको कर्मचारी श्रेष्ठले बताए ।

'यतिबेला यहाँ पर्यटक 'सिजन' चलिरहेकाले पर्यटकको संख्या धेरै छ, सगरमाथासहित धेरै हिमाल निकुञ्ज क्षेत्रमै पर्छ । पर्यटक आवगमन बढेपछि उनीहरूसँग शुल्क र अभिलेख सङ्कलनमा हामी व्यस्त छौं', श्रेष्ठले भने । सगरमाथा क्षेत्र भ्रमणका लागि पर्यटक काठमाडौं र रामेछापको मन्थलीबाट जहाज तथा हेलिकप्टरमार्फत लुक्ला पुग्ने गर्छन्भने कतिपय काठमाडौंबाट सडकमार्गमार्फत सल्लेरी हुँदै लुक्ला पुग्ने गर्छन् । फागुन १५ देखि जेठ १५ गतेसम्म र असोज, कात्तिक, मङ्सिर महिनालाई मुख्य पर्यटकीय सिजन मानिन्छ भने त्यसबाहेकका समयलाई 'अफसिजन' मानिन्छ ।

सिजनमा दैनिक एक हजार जनाभन्दा बढी पर्यटक प्रवेश हुने सगरमाथा राष्ट्रिय निकुञ्जको कार्यालय नाम्चेले जनाएको छ । सगरमाथा क्षेत्र विशेषगरी हिमाल आरोहण, वन्यजन्तुको अवलोकन र साहसिक पर्यटनका लागि धेरैको रोजाइमा पर्ने गरेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत सुष्मा रानाले बताए ।

# सरकार फेर्न हतार छैन, ढुक्कसँग चलाए हुन्छ : प्रचण्ड

काठमाडौं/नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आफूले सरकार ढाल्ने गरी आन्दोलन नगरेको बताएका छन् । शनिबार काठमाडौंमा आयोजित खबरदारीसभामा सम्बोधन गर्दै उनले माओवादीले सरकार फेर्न हतार गर्‍यो भन्ने भ्रम छ भने फाल्न आग्रह गरे ।

'माओवादीले सडकबाट सरकार फेर्न हतारो गरेको छ भन्ने बुझ्नुभएको छ भने तपाईंहरु भ्रममा हुनुहुन्छ, त्यो भ्रम फाल्नुस्', उनले भने । अध्यक्ष प्रचण्डले कांग्रेस र एमालेसँग विगतमा सत्ता सहकार्य गरेर गल्ती गरेको बताए ।

'तपाईंहरुजस्ता पार्टीहरु यो देशका दलाल, पुँजीपति भ्रष्टहरुको प्रतिनिधि हुनुहुन्छ, केही समय तपाईहरुसँग सहकार्य गरेर गल्ती गर्‍यौं, तपाईहरुको रोग हामीलाई पनि सर्‍यो', उनले भने । अब आफूहरु प्रधानमन्त्री र मन्त्री बनाइदिनुस् भन्दै नआउने अध्यक्ष प्रचण्डले बताए । 'तपाईहरुले ढुक्कसँग चलाए हुन्छ सरकार, माओवादी आउँछ कि भन्ने टेन्सन नलिए हुन्छ', उनले भने ।

प्रचण्डले अगाडि भने, 'हामी अलिअलि बिग्रिन थालेका थियौं, जनताबाट कट्न थालेका थियौं, तपाईहरुले हामीलाई बेलैमा निकालिनिुभयो र जनतातिर फर्काइ दिनुभयो ।' माओवादीले फेरि कांग्रेस फकाउला वा एमाले फकाउला भन्ने चिन्ता नलिन पनि उनले आग्रह गरे ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा जेसीजको सप्ताहव्यापी कार्यक्रम समापन



साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ हेटौंडा जेसीजले विभिन्न कार्यक्रम आयोजना गरी 'जेसीज सप्ताह २०२४' मनाएको छ । कार्तिक ६ गतेदेखि ९ गतेसम्म ७ वटा कार्यक्रम आयोजना गरेर जेसीजले जेसीज सप्ताह मनाएको हो ।

शुक्रबार साँझ रिगल हेटौंडा रिसोर्टमा समापन तथा पुरस्कार वितरण समारोहमा प्रमुख अतिथि एवम् बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुरसिंह लामाले प्रदेश सरकार सामाजिक संघ संस्थासँग हातेमालो गर्दै अगाडि बढ्न तयार रहेको प्रतिवद्धता जनाउँदै जेसीजले समाजमा पुर्‍याउँदै आएको योगदानको चर्चा गरे । उनले युवा जेसीजमार्फत् एकतावद्ध भएर नेतृत्व तथा व्यक्तित्व विकास समेत गर्दै सामाजिक सेवामा लागेकोमा खुशी व्यक्त गरे ।

जेसीजको कर्मबाट सिंगो समाजले प्रेरणा प्राप्त गर्न सक्ने भन्दै उनले अझै क्रियाशील भएर सामाजिक क्षेत्रमा लाग्न अनुरोध गरे । हेटौंडा जेसीज वर्ष सन् २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा जेसीजका छिमेकी शाखाका अध्यक्ष तथा विभिन्न संघ संस्थाका प्रतिनिधिले शुभकामना दिँदै आपसमा हातेमालो गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिए । जेसीजले सप्ताहव्यापी कार्यक्रमअन्तरगत पहिलो कार्यक्रमको रुपमा हेटौंडाको सिचाईंटोलदेखि मनकामना मन्दिर सम्म साइकल रेस गरेको थियो ।

त्यस्तै दोस्रो कार्यक्रम जेसीजको सचिवालयमा वतृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो । हेटौंडा-१५ चिप्लेटीस्थित सामुदायिक विद्यालयमा शैक्षिक सामग्री वितरण गरिएको थियो । चौथो कार्यक्रम हुप्रचौरमा रक्तदान आयोजना गरिएको थियो । त्यसैगरी सितलमहल चोकमा स्लो मोटरसाइकल प्रतियोगिता आयोजना गरिएको थियो । हेटौंडा-९ लामसुरेधापस्थित सिआन महिला पुन:स्थापना केन्द्रमा स्थानीय टोलविकास संस्था तथा आमा समूहका प्रतिनिधिलाई लागूऔषध दुर्व्यशनी न्यूनीकरणको विषयमा अभिमुखीकरण गरिएको मूल कार्यक्रम संयोजक विवेकआनन्द न्यौपानेले बताए ।

समापन समारोहमा विभिन्न प्रतियोगिताका विजेतालाई पुरस्कार वितरण गरिएको थियो भने अतिथि एवम् विभिन्न क्षेत्रबाट जेसीजलाई सहयोग पुर्‍याउने व्यक्ति तथा संस्थालाई मायाको चिनो प्रदान गरिएको थियो । संजयकुमार न्यौपानेले संयोजन गरेको कार्यक्रमलाई महासचिव पंकज बानियाँले सहजिकरण गरेका हुन् ।

# अटोमोवाइल एसोसिएसनको शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ हेटौंडा अटोमोवाइल एसोसिएसनले शुभदीपावली, नेपाल सम्वत्, छठपर्व तथा ल्होसारको अवसरमा शनिबार हेटौंडामा शुभकामना आदानप्रदान आयोजना गरेको छ ।

संस्थाका अध्यक्ष ऋषि ढकालको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार अग्रवाल प्रमुखअतिथि रहेका थिए । कार्यक्रममा संस्थाका अध्यक्ष ढकालले संस्थाको वार्षिक क्यालेण्डर अनुरुप शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेको बताए । पछिल्लो समय व्यापार व्यवसायमा आर्थिक मन्दी छाएकोले गर्दा व्यवसायी टिक्ने खालको भूमिका निर्वाह गर्न उनले मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष अग्रवालसँग आग्रह गरे । शनिबार नै चाडपर्वलाई लक्षित गरी पहिलोपटक अटोमोवाइल्स फुटबल प्रतियोगिता आयोजना गरिएको थियो ।

संस्थाले व्यक्तिगत विकास तथा नेतृत्व विकासको लागि विविध कार्यक्रम सञ्चालन गरिरहेको उनको भनाइ रहेको थियो । कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष प्रमोदसिं रानाभाट, आमाघरका संरक्षक विजयराज सिग्देल, संस्थाका सल्लाहकार गोपिराम बन्जरा, पूर्वअध्यक्ष नारायणप्रसाद कंडेल, ग्रिन्डलेज बचत तथा ऋण सहकारी संस्थाका कोषाध्यक्ष महेन्द्र इटेनीलगायतको आतिथ्यता रहेको थियो ।

# सुन्दर वनको २९ औं साधारणसभा सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ हेटौंडा १ र २ चौकीटोलस्थित सुन्दर सामुदायिक वन उपभोक्ता समूहको २९ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

समूहका अध्यक्ष खेम रानाको सभाध्यक्षता तथा डिभिजन वन कार्यालय मकवानपुर हेटौंडाका वन अधिकृत बसन्तराज गौतमको प्रमुख आतिथ्यतामा भएको साधारण सभामा सचिव केशवराज सुवेदीले प्रगति तथा कोषाध्यक्ष मीना लामाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

वनले अम्रिसोको कुचो उत्पादन, वन विकासअन्तर्गत् अग्नी रेखा निर्माण, एक्ल्याउने पत्ल्याउने लगायत कार्यहरु गरेको जनाएको छ । गत आर्थिक वर्षमा कूल १४ लाख ८७ हजार रुपियाँ खर्चेको समूहले आगामी वर्ष २९ लाख १५ हजार बराबरको कार्यक्रमहरु योजनाको रुपमा अगाडि सारेको छ ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका सदस्य तारा ढुंगाना, हेटौंडा १ नम्बर वडा अध्यक्ष सविन न्यौपाने, २ नम्बर वडा सदस्य सुरज बर्तौला, लेखा समिति संयोजक श्याम सुवेदी, चौकीटोल प्रहरी चौकी इन्चार्ज प्रसनि संजितकुमार साहलगायतले वनको महत्व र संरक्षणमा उपभोक्ताहरुले खेल्नुपर्ने भूमिकाका बारेमा मन्तव्य राखेका थिए ।

# अमेरिका सिरिजलाई घोषित नेपाली टोलीमा हेटौंडाका ढकाल



साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ नेपाल, अमेरिका र स्कटल्याण्डबीच अमेरिकमा हुने आईसीसी विश्वकप लिग टु सिरिजका लागि नेपाली टोली घोषणा भएको छ ।

टोलीको पहिलो रोजाईमा हेटौंडाका रिजन ढकाल परेका छन् । बायाँहाते बलर उनी निरन्तर राष्ट्रिय टिममा स्थान बनाइरहेका छन् । रिजन अगाडिका सागर ढकाल र देव खनाल रिजर्भमा रहँदा उनले टिममा स्थान बनाए । नेपाल क्रिकेट संघ क्यानले शनिबार रोहित पौडेलको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो । यसअघि अमेरिकाविरुद्ध टी-२० सिरिज नखेलेका सन्दीप लामिछाने टिममा समावेश भएका छन् ।

लिग टु मा नेपालले पहिलो खेल आइतबार घरेलु टोली अमेरिकासँग खेल्नेछ । रोहित पौडेलको कप्तानीमा रहेको टोलीमा रिजन ढकाल, कुशल भुर्तेल, आसिफ सेख, अनिल साह, भीम सार्की, आरिफ सेख, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, अर्जुन साउद, सोमपाल कामी, करण केसी, गुल्सन झा, सन्दीप लामिछाने र ललित राजवंशी रहेका छन् ।

**निरन्तर उचाई लिँदै ढकाल**

हेटौंडाका रिजन ढकालले नेपाली क्रिकेटमा निरनतर उचाई लिइरहेका छन् । उनी हालै नेपाल प्रिमियर लिग (एनपीएल) अक्सनमा चितवन राइनोजबाट १० लाख रुपैयाँमा अनुबन्धन भएका थिए । उनले ए ग्रेडको न्यूनतम मूल्य १० लाख रुपैयाँ पाएका हुन् । ढकालले गत फेब्रुअरीमा क्यानडा विरुद्ध ओडीआईबाट टिममा डेब्यू गरेका थिए ।

नेपालका लागि पहिलो पटक बन्द प्रशिक्षणमा पर्दै क्यानडासँगको पहिलो एकदिवसीय क्रिकेटमा नेपालका लागि डेब्यू गरेका क्रिकेटर रिजन ढकाल निकै भाग्यशाली भए । उनले डेब्यु खेलमै विकेट पनि लिएका थिए ।

प्रधानमन्त्री कपमा बागमती प्रदेशबाट राम्रो बलिङ गरेका बायाँहाते बलर रिजन त्यही प्रदर्शनका आधारमा राष्ट्रिय टिममा पर्न सफल भएका थिए । त्यसअघि उनी कहिल्यै बन्द प्रशिक्षणमा परेका थिएनन् । रिजन सीधै राष्ट्रिय टोलीमा परेका थिए । गतवर्षको प्रधानमन्त्री कपमा ९ खेलमा १५ विकेट लिएका रिजन सिनियर टोलीका पहिलो रोजाइका बलर सोमपाल कामी (१९) पछि सर्वाधिक विकेट लिने तीव्रगतिका बलरमा परे ।

# थाहानगरमा चिठ्ठा आतंक, कानून नमान्नेलाई कारबाही गरिने

साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकामा रहेका केही सामुदायिक र निजी स्कूलले चिठ्ठा कार्यक्रम ल्याइ विद्यार्थीमार्फत् जबर्जस्ती किन्न लगाउने क्रम बढेको छ ।

विद्यार्थीमार्फत् गाउँघर, टोल तथा अभिभावक र अन्य व्यक्तिलाई जर्बजस्ती चिठ्ठा लिन लगाउने गरेको भन्दै थाहा नगर पालिकामा लिखित गुनासो दर्ता भएको हो । थाहा नगरपालिकाले ७ कार्तिकमा चिठ्ठासम्बन्धी गुनासो आएको जानकारी गराउँदै कानुनले बन्देज लगाएको कार्य नगर्न वेवसाइटमा सूचना प्रकाशन गरी सबैलाई सूचित गरेको छ ।

चिठ्ठा ऐन, २०२५ तथा नियमावली २०२७ को नियम ३ बमोजिम चिठ्ठा खोल्ने स्वीकृतिको निमित्त निवेदन दिने र नियम २७ बमोजिम प्रमुख जिल्ला अधिकारीको स्वीकृति नलिइ चिठ्ठा कार्यक्रम संचालन गरेको पाइएमा कार्यक्रम सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम कारबाही गर्ने सूचनामा उल्लेख छ ।

थाहा नगरपालिका क्षेत्रका केही सामुदायिक र निजी स्कूलले शैक्षिक भ्रमण, अवलोकन भ्रमणलगायतको बाहानामा चिठ्ठा कार्यक्रम ल्याएको मौखिक रुपमा पनि गुनासो आइरहेको थाहा नगर पालिकाले जनाएको छ ।

# चौघडा सामुदायिक सिकाई केन्द्रको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ हेटौंडा उपमहानगरपालिका-६ चौघडास्थित सामुदायिक सिकाई केन्द्रको ९ औं वार्षिक साधारणसभा भएको छ । ६ नम्बरका वडाध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता तथा केन्द्रका अध्यक्ष श्रीराम पुडासैनीको सभाध्यक्षतामा साधारणसभा भएको हो ।

साधारणसभामा केन्द्रकी सहजकर्ता नानीमाया रुम्बाले केन्द्रको संस्थागत र आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी छन् । कार्यक्रममा वडासदस्य लेखराज ढकाल, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, बंशगोपाल मावि व्यवस्थापन समिति अध्यक्ष कृष्णप्रसाद दाहाल, रक्षादेवी टोलविकास संस्था अध्यक्ष केशवप्रसाद कोइराला, रक्षादेवी आमा सचेतना समूह अध्यक्ष भवानी चौलागाईं, सञ्चारकर्मी भीमसेन पौडेललगायतको आतिथ्यता रहेको थियो ।

केन्द्रले महिलालाई सीप सिकाई आत्मनिर्भर बनाउनुको साथै शैक्षिक क्षेत्रमा समेत काम गर्दै आएको सिकाई केन्द्रकी सदस्य पवित्रा रुम्बाले बताइन् ।

# कैलाशका थिङ हराएको तीन दिनपछि मृत भेटिए

साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ मकवानपुरको कैलाश गाउँपालिका-२, बैकुण्ठका ३६ वर्षीय सुनबहादुर थिङ बेपत्ता भएको तीन दिनपछि मृत अवस्थामा फेला परेका छन् ।

गत मंगलबारदेखि हराइरहेका उनको शव शुक्रबार घरदेखि २ किलोमिटर दक्षिणतर्फको धारागाउँ जंगलमा भेटिएको वागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । सुनबहादुरको शव प्रहरीले पोस्टमार्टमका लागि हेटौंडा अस्पतालमा ल्याएको छ । मृत्युको कारण भने खुल्न सकेको छैन ।

# असन्तुष्टिको नेतृत्व लिने माओवादी प्रयास

काठमाडौं,१० कात्तिक/ लामो समय सत्तामा बसेको नेकपा माओवादी केन्द्रले शनिबार राजधानी काठमाडौंमा खबरदारी सभा गरेको छ । सभामा माओवादीका शीर्ष नेताहरुले सरकारलाई सुशासनको अभियान नरोक्न खबरदारी गरेका छन् । सँगै, खबरदारी सभाको औचित्यमाथि उठेको आशंकाप्रति प्रष्टोक्ति पनि दिएका छन् ।

किनकि सहकारी बचत रकम अपचलनको मुद्दामा पक्राउ परेका रवि लामिछाने र उनको पार्टी रास्वपालाई साथ दिनेगरी माओवादीले सडक प्रदर्शन राखेको टिप्पणी भइरहेको छ । रवि पक्राउअघि त्यसैदिन २ कात्तिकमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डकै पहलकदमीमा विपक्षी दलहरु सम्मिलित संयन्त्र बनाएर १३ बुँदे साझा मागपत्र प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाइएकाले पनि यस्तो टिप्पणी स्वाभाविक देखिन्थ्यो ।

तर माओवादी नेताहरुले शनिबार भएको खबरदारी सभा रविको समर्थनमा नभएको स्पष्टीकरण दिएका हुन् । 'दोषी कोही बच्न हुन्न, निर्दोष कोही फस्न हुन्न । हामीले हिजो त्यही भनेका थियौं, अहिले पनि यही भन्छौं', खबरदारी सभामा प्रचण्डले स्पष्टीकरण दिए, 'सबै सहकारी पीडितहरुले न्याय पाउनुपर्छ । सहकारी ठगहरुलाई कारबाही गर्नुपर्छ ।'

आफू प्रधानमन्त्री हुँदा पनि संसदीय छानबिन समिति बनाउनुपर्छ भनेको उनले स्मरण गरे । यद्यपि रविलाई पक्राउ गरेको सरकारले सहकारी ठगीमा संलग्न कांग्रेस र एमाले नेताहरुलाई केही नगरेको भन्दै आपत्ति जनाए । 'सरकारले जे रबैया अपनाएको छ, त्यसमा हाम्रो आपत्ति छ', पूर्वप्रधानमन्त्री प्रचण्डले भने ।

उनीअघि बोलेका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठको रवि पक्राउ प्रकरणबारे स्पष्टीकरण दिएका थिए । 'अनुसन्धान स्वच्छ र निष्पक्ष हुनुपर्छ, भेदभाव चाहिँ गरिनु हुन्न हामीले भनेको यत्ति हो', उनले भने ।

माओवादीका एक पदाधिकारीका अनुसार सडक प्रदर्शनको कार्यक्रम राख्ने बेलामा नै सम् भावित टिप्पणीबारे छलफल भएको थियो । त्यो छलफलमा अरु नेताको तुलनामा अध्यक्ष प्रचण्ड र विप्रति केही नरम थिए, तर सहकारी ठगी प्रकरणमा पूर्वगृहमन्त्री रविको बचाउ गर्न हुन्न भन्नेमा सबै एकमत थिए ।

'रविलाई प्रोटेक्ट गर्न सकिन्न । अरु जोजो संलग्न छन्, उनीहरुलाई पनि कारबाही गर्न र पीडितलाई न्याय दिन दबाब दिनुपर्छ भन्ने नै हाम्रो साझा निष्कर्ष थियो', एक पदाधिकारी भन्छन्, 'त्यसअनुसार नेताहरुले आज प्रष्ट पार्नुभएको छ ।' खबरदारी सभामा माओवादी नेताहरुले प्रचण्ड नेतृत्व सरकारले थालेको भ्रष्टाचार विरोधी र सुशासनको पक्षमा थालेको अभियानलाई नरोक्न खबरदारी गरेका छन् ।

# क्यान्सरपीडित परिवारलाई तामाङ सोसाइटी अफ टेक्ससको सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, १० कात्तिक/ तामाङ सोसाइटी अफ टेक्ससले क्यान्सर रोगबाट मृत्यु भएकी मनहरीकी सानुमाया थिङको परिवारलाई आर्थिक सहयोग गरेको छ ।

अमेरिकाको टेक्ससमा बस्दै आएका मनहरी-२ घर भएका बुद्धिमान वाइबाको नेतृत्वमा रकम संकलन गरी मृतक थिङको परिवारलाई सहयोग गरिएको हो । वाइबाको सक्रियतामा उपचारार्थ भन्दै एक लाख ९० हजार रुपैयाँ सहयोग रकम उठाइएको थियो । रकम ढिला गरी उठेकोले मृतकको घरपरिवार लाई थोरै भएपनि सहयोग हुने भन्दै नेपालमा रकम पठाइएको वाइबाले बताए ।

आर्थिक संकलनको लागि वडाभित्रबाटै अभियान चलाएका इन्द्रदेब वाइबाको संयोजनमा रकम शुक्रबार मृतकको घर मनहरी गाउँपालिका-२, ठाडेखोलास्थित पुगेर उनको श्रीमानलाई वडाध्यक्ष राजकुमार पाखिनको उपस्थितिमा हस्तान्तरण गरिएको हो । मृतक सानुमायाको एक छोरा र एक छोरी छन् । सहयोग रकम हस्तान्तरणमा अखिल नेपाल विद्यार्थी (समाजवादी) ले श्रद्धाञ्जली कार्यक्रमको पनि आयोजना गरेको थियो ।

वडाध्यक्ष पाखिनले सहयोगी हातहरुप्रति विशेष आभार व्यक्त गर्दै वडाबाट हुने सहयोग र पालिकाको तर्फबाट मिल्ने सहयोगको लागि आफूले सक्दो पहल गर्ने प्रतिबद्धता जनाए । रकम हस्तानतरण कार्यक्रममा नेकपा एमालेका जिल्ला सदस्य बीरेन्द्र डीसी, नेपाली कांग्रेस २ नम्बर वडा सभापति प्रेम गोङ्बा, नेकपा एमाले २ नम्बर वडा पार्टी अध्यक्ष इन्द्रदेव वाईबा, नेकपा माओवादी केन्द्र २ नम्बर वडा ईन्चार्ज चन्द्र स्याङ्तान, विद्यार्थी नेता, नेपाल तामाङ पत्रकार संघ मकवानपुरका उपाध्यक्ष सन्देश थिङलगायतको सहभागिता रहेको थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७८२८४६१४, ९८४५९२७०५७

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो
जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता २०७४ को दफा १२५ मा-
- पहिलोपटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीसहजारसम्म जरिबाना,
- दोस्रोपटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैयासम्म जरिबाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैयासम्म जरिबाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।
त्यसैले जुवातास नखेलौं, नखेलाऔं, कानूनी कार्वाहीबाट बचौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना